सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ फागुन २०८०, शनिबार (24 Feb 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

त्यो पशुपति
यो पशुपति



सम्पदा

● डा. गोविन्द टण्डन

अधुरो देखिन्छ महाकविको संग्रहालय



महाकविका कतिपय कृति कहाँ हराए, न परिवारलाई थाहा छ न सरकारलाई

भावनामा बहकिनु नहुनेरहेछ



आत्मसमीक्षा

सौगात मल्ल, अभिनेता

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

LITMUS
CABLES
QUALITY मा NO. 1



NEPAL'S LARGEST
WIRES & CABLES BRAND



9801914455
litmus@rameshcorp.com

धमाधम खुल्दै लक्जरी रिसोर्ट

देशभर डेढ दर्जन यस्ता रिसोर्ट खुलेका छन्, जहाँ बस्न प्रतिदिन २५ हजारदेखि तीन लाखसम्म खर्च गर्नुपर्छ।
खर्चालु पर्यटक देश भित्र्याउन पनि भूमिका खेलिरहेका यस्ता रिसोर्टहरूले रोजगारी सिर्जनामा पनि योगदान गरेका छन्।




शिन्तामणि मुस्ताङ
जोमसोम
प्रतिकोठा : १८ सयदेखि
२२ सय डलरसम्म



द्वारिकाज रिसोर्ट
धुलिखेल, काभ्रे
प्रतिकोठा : ५३८ देखि
८२२ डलरसम्म



मेघौली सेराई
मेघौली, चितवन
प्रतिकोठा : २९० देखि
५९० डलरसम्म



दुसित थानी हिमालयन
धुलिखेल, काभ्रे
प्रतिकोठा : ४०० देखि
४५० डलरसम्म



द प्याभिलियन हिमालयज
पोखरा
प्रतिकोठा : १५० देखि
३५० डलरसम्म



दोर्जे रिसोर्ट
सेदी, पोखरा
प्रतिकोठा : २५० देखि
६५० डलरसम्म



दी टेरेसेस
लाँकुरीभञ्ज्याङ, ललितपुर
प्रतिकोठा : न्यूनतम
२८० डलर



काव्या रिसोर्ट
नगरकोट
प्रतिकोठा : ५० हजारदेखि
९९ हजार रुपैयाँ



रूपाकोट रिसोर्ट
रूपाकोट, पोखरा
प्रतिकोठा : २२५ डलरदेखि
५२५ डलरसम्म

■ यस्ता हुन्छन् लक्जरी रिसोर्ट

नवीन अर्याल/नयाँ पत्रिका

अमेरिकाको नेसनल जियोग्राफिकले माघमा जोमसोमको 'शिन्तामणि मुस्ताङ'लाई विश्वका उत्कृष्ट होटेलको सूचीमा राख्यो। उसको उत्कृष्ट सूचीमा एसियाबाट तीनवटा होटेल परेका छन्, जसको पहिलो नम्बरमा मुस्ताङको शिन्तामणि छ।

स्थानीय ढुंगाहरू कुँदेर बनाइएको रिसोर्ट साउनदेखि सञ्चालनमा आएको हो। रिसोर्टमा बस्न एक जोडी

» पृष्ठ २ मा क्रमशः

लक्जरी क्लासका रिसोर्टमा मौलिकता झल्काउने स्विट भिल्ला निर्माण गरिएको हुन्छ। रिसोर्टमा ठूलो बेडरुम, फराकिला बाथरुम, निजी स्विमिङ पुल, साउना, स्पा, मेडिटेसनलगायत सुविधा हुन्छन्। मौलिक र आधुनिक शैली फ्युजन गरेर निर्माण गरिने भिल्ला उच्चस्तरको सामान प्रयोग गरी 'वर्ल्ड क्लास' फिनिसिङ गरिएको हुन्छ। रिसोर्टमा शान्त र खुलापन महसुस हुनुपर्छ। रिसोर्ट सहरको बीचमा हुँदैनन्, नदी र तालको किनार, डाँडाकाँडा वा जंगलको बीचमा खोलिन्छ। आतिथ्य सत्कार पनि बेग्लै हुन्छ। सम्भव भएसम्म रिसोर्टले अर्ग्यानिक खाना खुवाउँछन्। मेडिटेसन मुख्य आकर्षण हुने गर्छ। यी सुविधाका लागि पर्यटकले जति पनि पैसा तिर्न तयार हुने अमात्यको भनाइ छ। लक्जरी रिसोर्टमा धेरै कोठा बनाइँदैन। भुटानको 'अमनकोरा थिम्पु'मा १६ कोठा मात्रै छन्, जहाँ बस्नका लागि एक जोडी पर्यटकले प्रतिदिन साढे २४ सय डलर खर्चिनुपर्ने हुन्छ। अमनकोराले भुटानमा थिम्पु, पारो, पुनाखा, ग्याङटी र बुमथाङमा पाँचवटा रिसोर्ट चलाइरहेको छ। यी पाँचवटा रिसोर्टमा ७२ कोठा मात्रै छन्। नेपालका पाँचतारे होटेलले सयवटा कोठा बिक्री गरेर गर्ने आम्दानी अमनकोराले थोरै कोठाबाटै गर्छ।

के हो लक्जरी पर्यटन ?

● **विजय अमात्य**
सिइओ, कोरा टुर्स प्राली



लक्जरी पर्यटन ठ्याक्कै यही नै भन्ने छैन। तर, जसले प्रतिरुम तीन सय डलरभन्दा बढी खर्च गरेर बस्छन्, त्यसलाई लक्जरी भन्न सकिन्छ। जस्तो, द्वारिकाज होटेल, द्वारिकाज रिसोर्टको बसाइ। द्वारिकाज आफैंमा प्रिमियम लक्जरी रिसोर्ट हो। उसको सेवामा कन्सिस्टेन्सी छ। जुन हाइप्रोफाइलको रोजाइमा पर्छ। नेपालमा सन् १९८० तिर धुलिखेल माउन्टेन रिसोर्ट खुलेपछि रिसोर्ट नाम चल्तीमा आएको हो। अहिले हामीसँग धेरै महँगा रिसोर्टहरू छन्। नेपाल आउने धनाढ्य काठमाडौंमा द्वारिकाजमा बस्छ, अनि मेघौली सेराई जान्छ। पोखरा पुगेर पेभिलियन हिमालयमा बस्छ। फर्केर धुलिखेल वास बस्न पुग्छ। कतिपय हेलिकोप्टर चार्टर गरेर ब्रेकफास्ट खान एभरेस्ट जान्छन्। यो हो नि, लक्जरी पर्यटन।

लक्जरी रिसोर्टमा भवन हुँदैनन्, भिल्ला हुन्छन्। ठूला कोठाहरू हुन्छन्। अर्ग्यानिक परिकार पाक्छन्। सेवाको गुणस्तरमा एकरूपता हुन्छ। सेवा मात्र होइन, प्रोपर्टी पनि युनिक हुन्छ। जहाँ पर्यटकले मनग्ये खर्च गर्छन्। एउटै लक्जरी रिसोर्टमा अर्बौं लगानी भएको छ। तर, एकातिर खर्चालु पर्यटक कम आउने र अर्कोतिर रिसोर्टको संख्या धमाधम बढ्दा व्यवसायी नचाहेर पनि मूल्य घटाएर कोठा बिक्री गर्न बाध्य छन्।

नेपालमा धनाढ्य पर्यटक आउन थालेका छन्। यहाँ उनीहरूले हिमाल चढ्नेबित्तिकै आफ्नो देशमा सम्मान पाउँछन्। जागिरमा प्रमोसन हुन्छ। यस्ता पर्यटक खर्च गर्न पनि डराउँदैनन्। नेपालमा हिमाल चढ्नेहरूले मात्र धेरै खर्च गर्छन्। कतिपय जहाज चार्टर गरेर पनि आइरहेका हुन्छन्। हामीले अरू प्रडक्ट पनि महँगो मूल्यमा बिक्री गर्न सक्छौं। च्याफ्टिङ, प्याराग्लाइडिङ, बन्जी गर्न युरोपमा कति पर्छ, यहाँ कति पर्छ ? हामीले न्यून मूल्यमा बिक्री गरिरहेका छौं।

नेपाल जाने भनेकै हिमाल चढ्न र ट्रेकिङ गर्न मात्र भन्ने छ। साइट सिनमा पनि त्यस्तै ह्विम ल्याउन सकिन्छ। नेपाल भनेको हिमालमा मात्र होइन, सम्पदा र संस्कृतिमा पनि उत्तिकै धनी छ। यहाँ चार-पाँच हजार वर्ष पुराना सम्पदा र संस्कृति छन्। प्रकृतिको बरदान पाएको देश हो। यसलाई पनि महँगो मूल्यमा बिक्री गर्न सक्नुपर्छ। नेपाल विश्वका धनाढ्यहरूको विवाह गन्तव्य बन्न सक्छ। विदेशी फिल्म सुटिङको रोजाइको गन्तव्य हुन सक्छ। हामीले ऐतिहासिक मेला र जात्रा पनि बिक्री गर्न सकिन्छ। यहाँ विश्वकै दुर्लभ र पुराना मेला-जात्रा हुन्छन्।

प्रसूतिगृहबाट २६ दिनको बच्चा चोरी

नयाँ पत्रिका

थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको कम्पाउन्डभित्रबाट बच्चा चोरी भएको छ। उपचारको फलोअपका लागि अस्पताल ल्याइएको बच्चा शुक्रबार बिहान ११ बजेतिर अस्पतालबाटै चोरी भएको हो।

काभ्रेपलाञ्चोक चौरीदेउराली गाउँपालिका- ३ घर भई काठमाडौंको कपन बस्ने वर्ष २२ की सविना श्रेष्ठले बोकिराखेकी २६ दिनकी छोरीलाई एक अपरिचित महिलाले चोरेर फरार भएकी हुन्। अस्पतालबाट बिहानै चोरी भएको बच्चा राति अबेरसम्म नभेटिएको प्रहरीले जनाएको छ।


बच्चामा जन्डिसको समस्या देखिएर उनकी आमा सविना र काकीले उपचारका लागि शुक्रबार बिहान अस्पताल ल्याएका थिए। नवजात शिशुमा समस्या देखिएपछि तीन दिन अस्पताल राखेर दुई दिनअघि मात्रै डिस्चार्ज गरिएको थियो। थप उपचारका लागि शुक्रबार अस्पताल ल्याइएको थियो।

अस्पतालको कम्पाउन्डमा घाम ताप्न आमासँगै रहेका बेला बच्चा चोरी भएको प्रहरीले जनाएको

» पृष्ठ २ मा क्रमशः



बच्चा चोरेर लैजाँदै गरेकी महिलाको सिसिक्यामेरा फुटेजबाट लिइएको तस्बिर



कोरम नपुगेर संसद् प्रभावित, सत्ता र प्रतिपक्षीबीच जुहारी

कमलराज भट्ट/नयाँ पत्रिका

गणपूरक संख्या नपुगेर संसद्को कारबाही प्रभावित भएको विषयमा सत्ता र प्रतिपक्षी दलबीच जुहारी चलेको छ। विधेयक प्रस्तुत गर्ने वेला प्रतिपक्षी दलले आफ्ना सांसद बाहिर पठाएर गणपूरक संख्या यकिन गराउने नाटक मञ्चन गरेको आरोप सत्तापक्षले लगाएपछि शुक्रबार प्रतिनिधिसभा बैठक प्रभावित भयो।

बिहीबार बसेको बैठकमा राजनीतिक दलसम्बन्धी दोस्रो संशोधन विधेयक प्रस्तुत गर्ने वेलामा गणपूरक संख्या यकिन गर्दा कोरम पुगेको थिएन। संविधानअनुसार विधेयक निर्णयार्थ प्रस्तुत गर्दा एकचौथाइ अर्थात् ६९ सांसद आवश्यक पर्नेमा ६५ मात्रै उपस्थित भएपछि राजनीतिक दलसम्बन्धी विधेयक प्रक्रियामा जान सकेन। त्यसपछि सभामुखले बैठक स्थगित गरेका थिए।

यसैलाई लिएर शुक्रबार कांग्रेस सांसद राजेन्द्रकुमार केसीले विधेयक प्रस्तुत गर्ने वेला प्रतिपक्षी दलका सांसदहरू बाहिरिएर कोरम नपुगेको आरोप लगाएका थिए। कांग्रेस सांसद केसीले सोधे, 'राजनीतिक दलसम्बन्धी विधेयक प्रस्तुत गर्ने वेलामा प्रतिपक्षको अनौठोको नाटक मञ्चन देखियो। ठ्याक्क गणपूरक संख्या पुग्छ कि भनेर १०-१५ जना सांसद बाहिर

» पृष्ठ २ मा क्रमशः



प्रतिनिधिसभाको शुक्रबारको बैठक अवरोध गर्दै विपक्षी दलका सांसदहरू। तस्बिर : रासस

■ एमालेले माग्यो चार मन्त्रीको राजीनामा

प्रमुख प्रतिपक्षी एमालेले बालकुमारी घटनामा भौतिकमन्त्री प्रकाश ज्वाला र गृहमन्त्री नारायणकाजी श्रेष्ठ, टेरामक्समा अस्थितयारमा बयान दिएका स्वास्थ्यमन्त्री मोहन बस्नेत र रामग्राम जग्गा लिज प्रकरणमा पर्यटनमन्त्री सुदन किराँतीको राजीनामा माग्दै आएको छ। शुक्रबारको बैठकमा पनि एमाले सचिव योगेश भट्टराईले चारैजना मन्त्रीले तत्काल राजीनामा दिनुपर्ने माग गरे। 'चारजना मन्त्रीको विषयमा के भएको हो भन्ने प्रधानमन्त्रीले तत्काल जानकारी गराउनुपर्छ। बालकुमारी घटनासम्बन्धी छानबिन आयोगको प्रतिवेदन संसद्मा टेबल गर्नुपर्छ,' उनले भने। यो विषयमा सभामुखले शुक्रबारसहित दुईपटक सरकारलाई जवाफ दिन रुलिङ गरिसकेका छन्।

मिटरब्याज र लघुवित्तपीडितहरूको प्रदर्शन



शब्द/तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

काठमाडौंमा मिटरब्याज, लघुवित्त तथा सहकारीपीडितहरूले आन्दोलन चर्काएका छन् । विभिन्न जिल्लाबाट आएका मिटरब्याजपीडितहरूले शुक्रबार काठमाडौंको प्रदर्शनीमार्गमा न्याय माग्दै धर्ना दिएका छन् । सिंहदरबार घेर्न अघि बढेका उनीहरूलाई प्रहरीले रोकेको थियो । निषेधित क्षेत्र भन्दै प्रहरीले प्रदर्शनीमार्गमा रोकेपछि उनीहरू त्यहीं सडकमा बसेका हुन् । उनीहरूमध्ये केहीलाई भृकुटीमण्डपको समाज कल्याण परिषद्को भवनमा राखिएको छ ।

प्रसूतिगृहबाट...

पृष्ठ १ बाट क्रमशः

छ । बच्चा र आमासँगै अस्पताल आएकी आफन्त (बच्चाकी काकी) स्वास्थ्य परीक्षणको रिपोर्ट लिन गएको समयमा ती अपरिचित महिलाले एकछिन म समातिदिन्छु भन्दै छलेर बच्चा लगी फरार भएको आफन्त मनोज श्रेष्ठले बताएका हुन् ।

बच्चा चोरी गरेर भाग्ने महिलाको प्रहरीले खोजी गरिरहेको जनाएको हो । अस्पतालको सिसिटिभी फुटेज हेरेर अनुसन्धान थालिएको छ । र, अहिलेसम्म बच्चाको वस्तुस्थितिबारे पत्ता नलागेको काठमाडौं जिल्ला प्रहरी परिसरले जनाएको हो । 'प्रसूति अस्पतालबाट बच्चा चोरीको उजुरी आएको छ, यसमा हामीले विस्तृत अनुसन्धान गरिरहेका छौं,' जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी नवराज अधिकारीले भने ।

अस्पतालको सिसिटिभी फुटेजमा भने अपरिचित महिलाले आमाबाट बच्चा लिएको देखिएको छ । आमा ती अपरिचित महिलालाई बच्चा समात्न दिएर बच्चाको डाइपर फाल्न गएको अवस्थामा ती महिला त्यहाँबाट निस्किएकी छिन् । मास्क र टोपीले पुरै अनुहार छोपेर अनुहार नचिनिने गरी बच्चा लिएर ४ मिनेटसम्म अस्पतालपरिसरमै रहेर बाहिर निस्किएको फुटेजमा देखिएको हो ।

अस्पतालको गेटतिरको सिसिटिभी क्यामेरा भने बिग्रिएकाले थप जानकारी लिन नसकिएको बताइएको छ । अस्पताल प्रशासनले भने बच्चा खोजीकार्यमा प्रहरी प्रशासनलाई सक्दो सहयोग गरिरहेको जनाएको छ ।

फैसलाको पूर्णपाठ नआउँदै ललितानिवास क्षेत्र खाली गर्ने महानगरको सूचना विवादमा

महानगरको सूचना हतारमा आएको मात्रै होइन, कानुनसम्मत पनि नभएको कानुनविद्हरूको भनाइ

शिवहरि घिमिरे/नयाँ पत्रिका

विशेष अदालतबाट ललितानिवास जग्गासम्बन्धी फैसलाको पूर्णपाठ नआउँदै काठमाडौं महानगरपालिकाले जग्गा खाली गर्न सूचना जारी गरेपछि यो विषय पेचिलो बनेको छ । महानगरको सूचना हतारमा आएको मात्रै होइन, कानुनसम्मत पनि नभएको कानुनविद् नै बताउँछन् ।

विशेषले गत ३ फागुनमा ललितानिवाससम्बन्धी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त, पूर्वसचिवहरूसहित ६० जनालाई दोषी ठहर गर्दै फैसला सुनाएको थियो । हिनामिना गरिएको जग्गा जफत गर्न भनेको छ ।

फैसलाको पूर्णपाठ नआउँदै महानगरले ९ फागुनमा सार्वजनिक सूचना जारी गर्दै ललितानिवास क्षेत्रमा रहेका व्यक्तिदेखि संघ-संस्थासम्मलाई साता दिनभित्र खाली गर्न भनेको छ । दिइएको समयसीमाभित्र खाली नगरिए कानुनी कारबाही गर्ने महानगरको चेतावनी छ ।

विशेषबाट यो फैसलाको पूर्णपाठ आएपछि प्रतिवादीले सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्छन् । तर, त्यो बाटो खुला नहुँदै र पूर्णपाठ नआउँदै महानगरले जबर्जस्ती जग्गा खाली गराउन खोज्नु कानुन र अदालतको आदेशविपरीत रहेको कानुनविद्को भनाइ छ ।

पूर्वन्यायाधीश बलराम केसीले महानगरपालिकाले अहिले नै सूचना जारी गर्नु जायज नभएको बताए । 'महानगरको सूचना अलि हतारमा भयो, कम्तीमा पूर्णपाठ, अपिलको प्रक्रियासम्म पर्खिनुपर्थ्यो,' उनले भने, 'ज-जसलाई सजाय भएको छ, उनीहरूले कानुनअनुसार पनि म्याद पाउँछन्, तर केन्द्र सरकारकै अंग स्थानीय सरकारले हतारमा सूचना जारी गर्नु जायज होइन ।'

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले जग्गाको केन्द्र सरकार मुख्य हकदार रहेको जग्गा संरक्षण गर्छु भनेर महानगरले सूचना जारी गर्नु कानुनसम्मत नभएको बताए । 'फैसलाको पूर्णपाठ नै आएको छैन, यस्तो अवस्थामा महानगरले सूचना जारी गरेर संरक्षण गर्छु भन्नु कानुनसम्मत मानिँदैन । अर्को कुरा, यो जग्गा केन्द्र सरकारको हो, महानगरको नियन्त्रणमा रहँदैन,' उनले भने, 'सम्पत्तिको मुख्य हकदार केन्द्र सरकार हो । फैसला भए पनि केन्द्र सरकारको नाममा जग्गा आइसकेको छैन, यसको पूर्णपाठ आउनुपर्छ ।'

कानुनविद् तथा जानकारहरूका अनुसार हडपिएको जग्गा पूर्ण रूपमा सरकारको नाममा आइसकेपछि मात्रै महानगरपालिकाले खाली गराउन मिल्छ । स्थानीय सरकार सञ्चालन ऐनले काठमाडौं महानगरपालिकाको क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरलाई तोकेको छ । तर, त्यसको पनि विधि र प्रक्रिया हुने कानुनविद्को भनाइ छ ।

स्रोतका अनुसार महानगरले यो सूचना जारी गर्दा आफ्नै कानुनी सल्लाहकार ओमप्रकाश अर्यालसँग समेत परामर्श गरेको थिएन । अर्यालले महानगरको कामको प्रतिरक्षा गर्न आफूले सहयोग गर्दै आइरहेको बताउँदै यसबारे थप टिप्पणी नगर्ने बताए । 'सल्लाह भनेको सोधेका वेलामा र विषयमा दिने हो, अरू विषयमा दिन मिल्दैन,' उनले भने, 'यो विषयमा मलाई थाहा भएन, संस्थागत क्लाइन्टले हामीलाई जे कुरा सोधेको छ, त्यही राय दिन्छौं । कानुनका कुरा हामी बताउँछौं ।'

विशेष अदालतकै फैसलालाई आधार बनाएर महानगरले सूचना जारी गरेको छ । 'विशेष अदालत, काठमाडौंबाट वादी नेपाल सरकार र प्रतिवादी कलाधर देउजासमेत एक सय ७५ जना भएको 'सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको' मुद्दामा ०८० फागुन ३ गते भएको फैसलाबाट काठमाडौं महानगरपालिका वडा नं ४ बालुवाटारस्थित ललितानिवास क्षेत्रको जग्गा जफत (सरकारी) भएको छ,' महानगरले जारी गरेको सूचनामा भनिएको छ, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- १३ स्थानीय तहको सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७(१) ले काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेको छ । विशेष अदालत, काठमाडौंको उक्त फैसलाबाट जफत (सरकारी) भएको काठमाडौं महानगरपालिका- ४, बालुवाटारस्थित ललितानिवास क्षेत्रको सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्न यो सूचना प्रकाशित गरिएको छ ।' सात दिनभित्र जग्गा खाली नगरिए कानुनबमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिनेसमेत सूचनामा उल्लेख छ ।

कानुनविद्हरू भन्छन्




● **बलराम केसी**, पूर्वन्यायाधीश

महानगरको सूचना अलि हतारमा भयो । कम्तीमा पूर्णपाठ, अपिलको प्रक्रियासम्म पर्खिनुपर्थ्यो । ज-जसलाई सजाय भएको छ, उनीहरूले कानुनअनुसार पनि म्याद पाउँछन् । तर, केन्द्र सरकारकै अंग स्थानीय सरकारले हतारमा सूचना जारी गर्नु जायज होइन ।



● **दिनेश त्रिपाठी**, वरिष्ठ अधिवक्ता

फैसलाको पूर्णपाठ नै आएको छैन । यस्तो अवस्थामा महानगरले सूचना जारी गरेर संरक्षण गर्छु भन्नु कानुनसम्मत मानिँदैन । अर्को कुरा यो जग्गा केन्द्र सरकारको हो । महानगरको नियन्त्रणमा रहँदैन । सम्पत्तिको मुख्य हकदार केन्द्र सरकार हो । फैसला भए पनि केन्द्र सरकारको नाममा जग्गा आइसकेको छैन । यसको पूर्णपाठ आउनुपर्छ ।



● **ओमप्रकाश अर्याल**, महानगरका कानुनी सल्लाहकार

सल्लाह भनेको सोधेका वेलामा र विषयमा दिने हो । अरू विषयमा दिन मिल्दैन । यो विषयमा मलाई थाहा भएन । संस्थागत क्लाइन्टले हामीलाई जे कुरा सोधेको छ, त्यही राय दिन्छौं । कानुनका कुरा हामी बताउँछौं ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/०२ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय दमकबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सकने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : गोपाल तामाङ	**ख) नाम : कन्चन देव तामाङ**
बाबुको नाम : राम प्रसाद तामाङ	बुवाको नाम : गोपाल तामाङ
बाजेको नाम : मन बहादुर तामाङ	बाजेको नाम : राम प्रसाद तामाङ
ठेगाना : साङरूम्वा-०९, इलाम	ठेगाना : साङरूम्वा-०९, इलाम
हाल : दमक-०२, झापा	हाल : दमक-०२, झापा
ना.प्र.नं. : २०७४५/११०२, जारी मिति : २०४२/११/०६	ना.प्र.नं.: ०३-०१-७२-००९४९
जारी गर्ने कार्यालय : जि.का. इलाम	जारी मितिः २०७२/०४/०६
कर्जा शीर्षक : विपन्न वर्ग कर्जा अन्तर्गत लघु व्यवसाय कर्जा	जारी गर्ने कार्यालय : जि.प्र.का. इलाम
कर्जा लिएको शाखा : दमक शाखा	**ग) नाम: अनिला तामाङ**
जमानीकर्ताको विवरण	बुवाको नाम : गोपाल तामाङ
क) नाम : पञ्चमाया तामाङ	बाजेको नाम : राम प्रसाद तामाङ
पतिको नाम : गोपाल तामाङ	ठेगाना : दमक-०२, झापा
ससुराको नाम : राम प्रसाद तामाङ	हाल : दमक-०२, झापा
ठेगाना : साङरूम्वा-०९, इलाम	ना.प्र.नं.: ०४-०२-७४-०३४८९
हाल : दमक-०२, झापा	जारी मितिः २०७४/०५/१६
ना.प्र.नं.: ०३-०१६-३/४१२/११३७, जारी मितिः २०६३/११/२९	जारी गर्ने कार्यालय : जि.प्र.का. झापा
जारी गर्ने कार्यालय : जि.प्र.का इलाम	

सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय दमक, झापामा श्री गोपाल तामाङ र पञ्चमाया तामाङको संयुक्त नाममा दर्ता कायम रहेको जिल्ला झापा, दमक नगरपालिका वडा नं. ३ स्थित कि.न १०५०७ को क्षेत्रफल ३३८.६३ व.मि. को जग्गा तथा सो मा निमार्ण रहेको घर टहरा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. १०३-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर १०३-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदे जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय दमकमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने दुबै नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

धमाधम...

पृष्ठ १ बाट क्रमशः

विदेशीले प्रतिरात तीन लाख र नेपालीले डेढ लाख रुपैयाँसम्म तिर्नुपर्ने हुन्छ ।

यसै वर्ष मात्र खर्चालु पाहुना लक्षित गरी पोखरामा दोर्जे रिसोर्ट र काभ्रेमा दुसित थानी हिमालय रिसोर्ट सञ्चालनमा आए । गत वर्ष नगरकोटमा तीन अर्ब लगानीमा काव्या रिसोर्ट सञ्चालनमा ल्याइएको छ । रिसोर्टमा नौलो डिजाइनका आकर्षक भिल्ला निर्माण गरिएको छ । यहाँ एक जोडीले एक रातको बसाइका लागि न्यूनतम ३९ हजार पाँच सय रुपैयाँ खर्च गर्नुपर्छ ।

मेघौलीमा ताज सफारी र बाराही जंगल लज खुलेको धेरै भइसक्यो । काठमाडौंनजिकैको द्वारिकाज धुलिखेल हाइप्रोफाइलको गन्तव्य भइहाल्यो ।

यी भए प्रतिनिधि उदाहरण मात्र । पछिल्लो समय नेपालमा आरामदायी विलासी रिसोर्ट खुल्ने क्रम बढ्दो छ । विभिन्न ठाउँमा दर्जनभन्दा बढी लक्जरी रिसोर्ट खुलेका छन् । कतिपय सञ्चालनको तयारीमा छन् । यी रिसोर्टमा प्रतिरात ३० हजारदेखि तीन लाखसम्म खर्च गर्न सक्ने मात्र बस्न सक्छन् ।

खर्चालु पर्यटकलक्षित रिसोर्टमा लगानी पनि धेरै हुन्छ । लक्जरियस भौतिक संरचना र सेवा-सुविधामा कुनै सम्झौता गरिँदैन । नगरकोट, धुलिखेल, लाँकुरीभञ्ज्याङ, खुम्बु क्षेत्र, पोखरा, मेघौली, अमलटारी, मुस्ताङ, बर्दियालगायत ठाउँमा लक्जरी रिसोर्ट खुलिरहेका छन् ।

लक्जरी रिसोर्टको बसाइ पाँचतारे होटेलको भन्दा खर्चिलो हुने कोरा टुर्स एन्ड ट्राभलका सिइओ विजय अमात्य बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्जभित्रको टाइगरटप्स जंगल पर्यटन र लक्जरी पर्यटनको कोसेढुंगा मानिन्छ । सन् १९६४ मा चारवटा कोठाबाट सुरु भएको टाइटर टप्समा पछि २० कोठा पुऱ्याइएको थियो । तर, टाइगरटप्स बन्द भएपछि हाइप्रोफाइल र खर्चालु पर्यटक आउन धेरै कम भएको छ ।

● **शिन्तामणि मुस्ताङ** : मुस्ताङमा खुलेको 'शिन्तामणि' देशकै महँगो रिसोर्ट हो । शेर्पा हस्पिटालिटीले जोमसोममा दुई हजार सात सय मिटर उचाइमा सञ्चालन गरेको रिसोर्ट सम्भवतः देशकै महँगो रिसोर्ट हो । ठूलो भ्यालसहितका कोठाबाटै प्राकृतिक दृश्यावलोकन गर्न पाइन्छ । रिसोर्टमा दुईवटा जुनियर स्विट, नौवटा ग्राउन्ड फ्लोर स्विट, १४ वटा टप फ्लोर स्विट र एउटा बाल्कोनी स्विट गरी २९ कोठा छन् ।

एक जोडी पर्यटकले प्रतिदिन न्यूनतम दुई लाख ३९ हजारदेखि तीन लाख रुपैयाँसम्म खर्च गर्नुपर्ने हुन्छ ।

● **द्वारिकाज धुलिखेल रिसोर्ट** : बत्तीसपुतलीस्थित द्वारिकाजकी सञ्चालिका अम्बिका श्रेष्ठले धुलिखेलमा पनि भव्य रिसोर्ट सञ्चालनमा ल्याएकी छिन् । जहाँ एक रात बस्नका लागि पर्यटकले न्यूनतम साढे पाँच सय डलर तिर्नुपर्ने हुन्छ ।

द्वारिकाज धुलिखेलमा ३९ वटा स्विट्स र एउटा श्री बेडरुम भिल्ला छ । २६ वटा एक्जुकेटिभ स्विट्स, १२ वटा जुनियर स्विट्स र एउटा रोयल स्विट्स छ । रिसोर्टमा सात सय ५३ र नो सय ६८ स्क्यायरफिटको बेडरुम र विशाल बाथरुम छन् ।

● **मेघौली सेराई** : चितवनको मेघौली सेराई रिसोर्टले खर्चालु पर्यटकलाई सेवा दिन्छ । रिसोर्टमा निजी स्विमिङ पुलसहितका १६ भिल्ला, एउटा प्रेसिडेन्सियल स्विट र भवनमा १२ वटा कोठा छन् । सबै कोठाबाट निकुञ्जको दृश्यावलोकन गर्न पाइन्छ । सिजी हस्पिटालिटीले ताज सफारी मेघौली सेराई सञ्चालनमा ल्याएको हो । आतिथ्य सत्कारका लागि ताज कहलिएको ब्रान्ड हो । रिसोर्टले मेघौली रुमको दुई सय ९० डलर, राप्ती भिल्लाको पाँच सय ९० र राप्ती महल स्विटको एक हजार चार सय ६० डलर मूल्य तोकेको छ ।

● **दी टेरेसेस** : पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले ललितपुरको लाँकुरीभञ्ज्याङमा लक्जरी रिसोर्ट 'दी टेरेसेस' सञ्चालनमा ल्याएका छन् । रिसोर्टमा १६ वटा डिलक्स स्विट्स, २८ वटा सुपेरियर स्विट्स र दुईवटा टेरेसेस प्रेसिडेन्सियल स्विट्स रुम रहेका छन् । ४० रोपनी क्षेत्रफलमा निर्माण गरिएको रिसोर्टमा एक अर्ब लगानी भएको बताइएको छ । रिसोर्टले न्यूनतम दुई हजार ८० डलरमा कोठा बिक्री गर्दै आएको छ ।

● **दुसित थानी हिमालय रिसोर्ट** : यसै वर्ष काभ्रेको नमोबुद्धमा दुसित थानी हिमालय रिसोर्ट खुलेको छ । रिसोर्टमा सुविधासम्पन्न भिल्लाहरूमा २८ कोठा सञ्चालनमा आएका छन् । दीर्घकालमा कोठाहरू थपेर ८९ पुऱ्याउने लक्ष्य राखिएको छ । रिसोर्टमा नेपालीलाई ३३ हजारदेखि साढे ४४ हजारसम्म र विदेशीका लागि करबाहेक चार सय र साढे चार सय डलर तोकिएको छ । लञ्च र डिनरका लागि छुट्टै तिर्नुपर्ने रिसोर्टका प्रतिनिधिले बताए ।

● **काव्या रिसोर्ट** : नगरकोटमा नौलो डिजाइनमा काव्य रिसोर्ट खुलेको छ । विशाल कोठाबाटै रमणीय दृश्य देख्न पाइन्छ । रिसोर्टमा बस्न एक जोडी पर्यटकले करबाहेक स्विटको ३५ हजार, वान बेडरुम भिल्लाको ४५ हजार र टु बेडरुम भिल्लाको ८० हजार रुपैयाँ खर्चिनुपर्छ । विदेशी पर्यटकका लागि करबाहेक ५० हजारदेखि ९९ हजार रुपैयाँसम्म तोकिएको छ ।

पोखरामा केन्द्रित लक्जरी रिसोर्ट

पोखराका छेउछाउ र डाँडाकाँडा लक्जरी रिसोर्टले भर्रिदै छन् । ब्रिटिस नागरिक डगलसले पोखरामा दी प्याभिलियन हिमालयज द फार्म र प्याभिलियन हिमालयज लेक भ्यु टेन्टेड क्याम्प सञ्चालन गर्दै आएका छन् । टेन्टेड भिल्लाको प्रतिव्यक्ति करबाहेक एक सय ३० डलरदेखि तीन सय ५० डलरसम्म तोकिएको छ । पुम्दीभुम्दी चिसापानीमा रहेका द फार्ममा ४० स्विट छन् ।

पोखराको सेदीमा नेपाली मौलिक र आधुनिक शैली फ्युजन गरी 'दोर्जे रिसोर्ट एन्ड स्पा' सञ्चालनमा आएको छ । रिसोर्टका २३ कोठाबाटै फेवातालको सुन्दर दृश्य हेर्न पाइन्छ । रिसोर्टमा नेपालीलाई प्रतिदिन २२ हजारदेखि ४० हजार रुपैयाँ तोकिएको छ । विदेशीलाई करबाहेक प्रतिदिन दुई सय ५० देखि ६ सय ५० डलरसम्म पर्ने उनले बताए ।

सराङकोट माउन्टेन रिसोर्टमा ३० कोठा छन् । यो रिसोर्टको सबैभन्दा आकर्षण भनेकै रुफटप स्विमिङ पुल हो, जहाँ हिमालको छाया देखिन्छ । रिसोर्टमा विदेशीका लागि स्विटको चार सय डलर र डिलक्सको दुई सय डलर रहेको रिसोर्टका म्यानेजर कमलप्रसाद दाहालले बताए । नेपालीलाई डिलक्सको १६ हजार र स्विटको ३२ हजार तोकिएको छ ।

सराङकोटमै अन्नपूर्ण भ्यु होटेल खुलेको छ । पोखरामै रहेको टाइगर माउन्टेन पोखरा लज पनि महँगो रिसोर्ट हो । यो रिसोर्टमा पर्यटकलाई करबाहेक पाँच सय डलर तोकिएको छ । रूपाकोट रिसोर्ट पोखरा क्षेत्रमै चर्चित छ । टिपिकल नेपाली शैलीमा निर्माण गरिएका भिल्लाहरूले सिँगो गाउँकै झल्को दिन्छन् । रिसोर्टमा नेपालीले २४ हजारदेखि ४९ हजारसम्म र विदेशीले दुई सय २५ डलरदेखि पाँच सय २५ डलरसम्म तिर्नुपर्छ । भारतीयलाई १७ हजार भारुदेखि ३३ हजार भारुसम्म तोकिएको छ ।

● **बाराही जंगल लज** : राप्ती नदी किनारमा रहेको बाराही जंगल लजमा ३५ कोठा छन् । एउटा स्विट छ । लजमा दुई दिनको प्याकेज नेपालीलाई करसहित ७० हजार रुपैयाँ पर्छ । विदेशीलाई भने प्रतिदिन पाँच सय ७० सय डलर पर्ने रिसोर्टकी प्रतिनिधिले बताइन् ।

● **जंगलका ब्रान्ड : टाइगरटप्स र टेम्पल टाइगर**

पूर्वी नवलपरासीको नवलपुरमा टाइगरटप्स थारू लज र टेम्पल टाइगर ग्रिन जंगल रिसोर्ट सञ्चालनमा छन् । यी दुवै सफारी पर्यटनमा चिरपरिचित लक्जरी ब्रान्ड हुन् । दुवै लजले पहिलेकै प्रिमियम मूल्यमा आफ्नो सेवा बिक्री गर्न सकेका छैनन् । तर, जंगलभित्रको विरासत जोगाउन भने कोसिस गरिरहेका छन् । त्यस्तै, टाइगरटप्स ग्रुपले बर्दिया राष्ट्रिय निकुञ्जबाहिर टाइगरटप्स कर्णाली लज सञ्चालन गरिरहेको छ ।

● **चन्द्रागिरि रिसोर्ट** : नेपाली परम्परागत शैलीमा निर्माण गरिएको चन्द्रागिरि रिसोर्ट पनि आकर्षक छ । केबलकार चढेर सरर चन्द्रागिरि पुगेपछि १८० डिग्रीमा हिमालहरू, वरिपरि घना जंगल, तलपट्टि काठमाडौं सहर र चित्लाङको गाउँ देखिन्छ । रिसोर्टमा एक सय कोठा छन् ।

● **फिस्टेल लज** : एक समय पोखराको फिस्टेल लजको बसाइ धनाढ्यकै लागि सपना हुने गर्थ्यो । तर, समयअनुसार लजको भौतिक पूर्वाधार र सेवा-सुविधाहरू स्तरोन्नति नगरिँदा रिसोर्ट ओझेलमा पर्दै गइरहेको छ । रिसोर्टको रुमरेट २४ हजारदेखि ७२ हजारसम्म रहेको बुकिङ डटकममा उल्लेख छ ।

● **रोयल मुस्ताङ रिसोर्ट** : मुस्ताङको लोमान्थाङमा सञ्चालित रोयल मुस्ता रिसोर्ट पनि खर्चालु पर्यटकलाई सेवा दिँदै आइरहेको छ । यो रिसोर्टमा बस्न प्रतिदिन तीन सयदेखि पाँच सय डलरसम्म पर्छ ।

कोरम नपुगेर...

पृष्ठ १ बाट क्रमशः

जानुभयो, अत्यन्त दुःखदका साथ प्रतिपक्षका साथीलाई भन्छु कि यो केवल सत्तापक्षको मात्रै विधेयक पास गर्ने हो कि प्रतिपक्षको मात्रै हो ?'

केसीले यो टिप्पणी गर्दा एमालेसहित विपक्षी रास्वपा र राप्रपाका सांसद उठेर विरोध गरेका थिए । केसीले एक वर्षमा एउटा मात्र कानुन बन्यो भनेर आज सर्वत्र आलोचना भइरहेको भन्दै प्रतिपक्षीले जानाजान विधेयकलाई असफल बनाउने प्रयत्न गरेको आरोप लगाए ।


उनले कांग्रेसको महासमिति चलिरहेको प्रतिपक्षलाई पनि थाहा भएको, त्यहीकारण आफूहरूको संख्या न्यून भएको जिकिर गर्दै, तर प्रतिपक्षी सांसदहरू बाहिर गएको आफ्नो आँखाले देखेको र विधेयक टेबल गर्ने सत्तापक्षको मात्रै जिम्मेवारीको कुरा नभएको टिप्पणी गरे । 'हाम्रो संख्या महासमितिले न्यून हुँदा एउटा विधेयकलाई असफल बनाउने प्रयत्न जानाजान प्रतिपक्षबाट भएको छ । विधेयक हाउसको साझा कुरा हो,' उनले भने ।

जवाफमा एमाले प्रमुख सचेतक पदम गिरी सरकारमाथि खनिए । प्रतिपक्षीले उठाएका सुशासनको सवालमा जवाफदेही हुनुको साटो सत्तापक्ष सां

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १२ फागुन ०८०
nayapatrikaofficial @naya_patrika

त्यो पशुपति, यो पशुपति

६ दशकअघि डा. गोविन्द टण्डन बालक हुँदा गौशाला, बत्तीसपुतलीवरपर आँलाले गन्न सकिने घर थिए, प्रशस्तै खेतीयोग्य जमिन र साँघुरा बाटा थिए । सीमित गाडी गुड्थे । बिस्तारै खेतीयोग्य जमिन र जंगल मासिए र घर ठडिए । ०४४ देखि ०४९ सालसम्म पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्ष र त्यसपछि १४ महिना सदस्यसचिवको जिम्मेवारी सम्हालेका टण्डनको बुझाइमा पशुपति निकै फेरिएको छ । पशुपति क्षेत्रको सांस्कृतिक अध्ययनलगायत विभिन्न पुस्तक लेखिसकेका संस्कृतिविद् टण्डनले पशुपति क्षेत्रमा आएको बदलाव अन्वेषण अधिकारीसँग यसरी सुनाए :



वि.सं. १९७० को शिवरात्रिमा खिचिएको बागमती नदी किनार र पशुपतिनाथ मन्दिरको तस्बिर ।



हालको पशुपतिनाथ मन्दिर ।

> पशुपति क्षेत्रजस्तो जीवन्त सम्पदास्थल विश्वमा बिरलै भेटिन्छन् । यहाँ हरेक दिन कुनै न कुनै चाडपर्व, जात्रा, उत्सव मनाइनेदेखि लिएर मानिसको जन्मदेखि मृत्युसम्मका कर्म चलिरहेका हुन्छन् । यस्तो आराध्यस्थल नेपालमा हुनु गौरवको विषय हो । तर, विडम्बना, पशुपति क्षेत्रको वातावरणलाई प्रदूषित हुनबाट जोगाउन जति गर्नुपर्ने थियो, यति हामीले गर्न सकिरहेका छैनौं ।

सम्पदा



डा. गोविन्द टण्डन

वैदिक सनातनीहरू जीवनमा एकपटक दर्शन गर्नैपर्ने आस्थाको धरोहरका रूपमा पशुपतिनाथलाई लिन्छन् । लिच्छविकालका राजा मानदेव (विसं ५२२-५६३) कै पालादेखिका शिलापत्र पशुपति क्षेत्रमा भेटिनुले पशुपतिको महत्त्व सदियौंदेखि रहिआएको प्रमाणित गर्छ । पशुपति क्षेत्रजस्तो जीवन्त सम्पदास्थल विश्वमा बिरलै भेटिन्छन् । यहाँ हरेक दिन कुनै न कुनै चाडपर्व, जात्रा, उत्सव मनाइनेदेखि लिएर मानिसको जन्मदेखि मृत्युसम्मका क्रिया-कर्म चौबीसै घन्टा चलिरहेको हुन्छ । यस अर्थमा पशुपति क्षेत्र चौबीसै घन्टा जागा हुन्छ । १२४ भाषाभाषी, १२५ भन्दा धेरै जातजाति बसोवास गर्ने हाम्रो देशको सांस्कृतिक विविधताको मूर्त रूप पशुपति क्षेत्रमा हुने विभिन्न चाडपर्व, उत्सवमा देख्न पाइन्छ । सत्बीजारोपण, महाशिवरात्रि, तिज, जनैपूर्णिमा, छठजस्ता अनेकौं चाडपर्वमा सहभागी हुने दर्शनार्थी, भक्तजनहरूको घुइँचोमा विभिन्न जातजातिको अभेद संलग्नताले अनेकताभित्र एकताको मूर्तरूपको अभिव्यक्ति देख्न पाइन्छ । सनातन हिन्दू धर्मावलम्बीका आराध्य पशुपतिनाथ ज्योर्तीलिंग स्वरूपमा नेपालमा हुनु गौरवको विषय हो । तर, विडम्बना, पशुपति क्षेत्रको वातावरणलाई प्रदूषित हुनबाट जोगाउन जति गर्नुपर्ने थियो, त्यो हामीले गर्न सकिरहेका छैनौं ।

■ थेगिनसक्नु प्रदूषण

हामी केटाकेटी छँदा २०२०-२०२२ सालतिर बागमती नदीको पानी निकै सङ्लो थियो । बागमती वरपरका बासिन्दा यहींको पानी पिउँथे । मानिसहरू बागमतीमा पौडी खेल्न आउँथे । वर्षैभरि बागमतीमा पौडी खेल्न पुग्दो पानीको सतह हुन्थ्यो । वर्षामा त किनार-किनारमा पनि पानी बगेको हुन्थ्यो । बाह्रै मास बागमतीमा असला माछा खेलिरहेका देखिन्थे, अनेक प्रकारका चराचुरुंगी बागमतीको दायाँबायाँ डिलमा नाचिरहेका देखिन्थे ।

२०३५ सालपछि देवपाटन, बौद्ध, चाबाहिल, बत्तीसपुतलीतिर बिस्तारै बस्ती बढ्दै गयो । बौद्धआसपास कार्पेट कारखाना खुल्दै गए । कुनै-कुनै कार्पेट कारखानामा त आठ-दश हजार श्रमिक हुन्थे । त्यहाँ व्यवस्थित शौचालय नहुनाले दिशा-पिसाब सीधै बागमतीमा खसालेको पनि देखियो ।

पहिले-पहिले गौरीघाटको एक ठाउँमा खासगरी वर्षाको समयमा ढल बगेको देखिन्थ्यो भने पछि गएर अन्धाधुन्ध बस्ती विस्तारका कारण जताततैबाट ढल ल्याएर बागमतीमा मिसाइन थालियो । थोरै बस्ती हुँदासम्म कुलो-कुलेसोको रूपमा बगेका पानी बागमती छेउछाउका खेतबारीमा मिसिन्थे, बागमतीमा खस्नै पाउँदैनथे । पछि अनियन्त्रित भयो ।

पशुपति क्षेत्र विकास कोषको स्थापनापछि बागमतीलाई कसरी ढलमुक्त गराउन सकिएला भन्ने विषयमा चर्चा-परिचर्चा हुन थाल्यो । बागमतीलाई ढलमुक्त कसरी बनाउने भनेर (२०४४-२०४९ तिर) सर्भे पनि भयो । तर, काठमाडौं खाल्डोमा बस्ती विकासको रफ्तार यसरी बढ्यो कि व्यवस्थित रूपमा सहरीकरण हुन नसक्दा बिस्तारै सबै नदीनाला कुरूप हुँदै गए । बागमती प्रदूषित बनेपछि त्यहाँको जलले भगवान् पशुपतिनाथको स्नान गर्ने छोडियो र भष्मेश्वरघाटको पछाडि अलग्गै इनार खनी त्यहाँको जलले पशुपतिनाथको नित्य स्नान गर्न थालियो । अलग्गै इनार खनिएको भए पनि यसको स्रोतनजिकैको बागमती नै हो ।

गुहेश्वरीदेखि राजराजेश्वरीघाटसम्मको बागमतीलाई सफा, स्वच्छ बनाउने हेतुले विसं २०५१ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको गठन भयो । त्यसको माध्यमबाट गुहेश्वरी मन्दिरको पूर्व-उत्तर दिशामा बागमती नदीको पानी प्रशोधन केन्द्रको स्थापना भएकोले गुह्येश्वरीदेखि राजराजेश्वरीघाट पानी सफा राख्ने प्रयासस्वरूप प्रशोधन केन्द्रको स्थापना भएको छ । तर, बेलाबेलामा आउने प्राविधिक समस्याको कारण सधैं एकनासले सफा पानी उपलब्ध हुँदैन । प्रशोधित पानी भएकाले 'जल'को रूपमा ग्रहण गर्न सकिने अवस्था पनि छैन ।

मठ-मन्दिरमा नित्य-नैमित्तिक हुने धार्मिक कृत्यमा श्रद्धासाथ चढाइने पानीले जलको स्वरूप ग्रहण गर्न त फोहोर नमिसिएको प्राकृतिक पानी नै हुनुपर्छ । त्यहीकारण बेलाबेलामा एकथरी मानिसहरू सोझै सुन्दरीजलको मूलबाट पाइपलाइनमार्फत पानी ल्याएर पशुपतिनाथको मन्दिरमा चढाउनुपर्छ भनिरहेका छन् । अर्काथरी मानिसहरू पशुपतिनाथ मन्दिरमा त्यसरी पाइपमार्फत सोझै सुन्दरीजलको पानी लगियो भने बागमतीको प्रदूषणको कुरा ओझेलमा पर्ने भएकाले त्यसो गर्न हुन्न भन्ने तर्क गर्छन् ।

■ वातावरणीय प्रभाव

सांस्कृतिक, धार्मिक दृष्टिकोणले पशुपति क्षेत्र एउटा जीवन्त क्षेत्र हो । यहाँ मानिस मात्रै नभएर विभिन्न पशुप्राणी आश्रित छन् । बागमती नदीलाई सफा र स्वच्छ बनाउन सके आश्रित पशुपक्षी निरोगी हुन्थे, वातावरण स्वच्छ हुन्थ्यो । पिउनयोग्य पानी नपिएकाले यहाँका बाँदर रोगी र खिरौटे देखिन्छन्, बाग्मती नदीबाट उहिल्यै माछा हराइसके । मृगस्थली, ध्रुवस्थली, भण्डारखालका चरा यहींको पानी पिउँछन् । उनीहरूमा के-कस्ता समस्या छन् भन्नेबारे खासै अध्ययन भएको छैन । तर, जंगलमा पहिलेको जस्तो चराचुरुंगीहरूको विविधता देख्न नपाइने भएकाले पानीकै कारण उनीहरूको अवसान दिनानुदिन हुँदै गइरहेको छ भन्न गाह्रो पर्दैन ।

पूर्वजहरूले मलेवा, परेवा र बाँदरका लागि भनेर मकै, चामललगायत अन्न बाँड्ने गरी गुठी राखिदिएका थिए ।

» पृष्ठ ५ मा क्रमशः

India's largest IVF chain
NOW IN NEPAL

INDIRA IVF
FERTILITY & IVF CENTRE



निःशुल्क निःसन्तान परामर्श शिविर
अब तपाईको शहर काठमाडौंमा

परामर्शका लागि जोकोही दम्पत्तिले सम्पर्क गर्न सक्नुहुन्छ।

- शुक्रकिट कम भएको/नभएको
- पुरुषको नसबन्दी
- ढिलो गतिशिलता
- खराब गुणस्तर
- फ्यालोपियन ट्युब बन्द भएको
- अण्डा खराब भएको
- महिनावारी अनियमित हुने
- पाठघरमा रसोली /PCOS
- एडिनोमायोसिस
- एन्डोमेट्रियोसिस

01-5970867



डा नेहा होमगाई
परामर्शदाता स्त्री रोग र निशन्तानता विशेषज्ञ

IVF भनेको के हो?
(IVF) एक चिकित्सा प्रक्रिया हो जहाँ अण्डा र शुक्राणु शरीर बाहिर संयुक्त हुन्छन्; भ्रूणहरू सिर्जना गर्न, यीभ्रूणहरूलाई गर्भावस्थाहज बनाउन महिलाको पाठे-घरमा सावधानीपूर्वक राखिन्छ।

IUI के हो?
IUI एउटा प्रजनन उपचार हो जहाँ सावधानीपूर्वक तयार शुक्रकीटलाई गर्भावस्थाको सम्भावना बढाउन महिलाको पाठेघरमा सिधै राखिन्छ।



डा मनिषा आचार्य
परामर्शदाता स्त्री रोग र निशन्तानता विशेषज्ञ

उपलब्ध सेवाहरू : प्रजनन शक्ति जाँच • IUI • IVF • ICSI • लेजर ह्याचिङ • ब्लास्टोकिस्ट • ल्याप्रोस्कोपी • हिस्टेरोस्कोपी

इन्दिरा आई.भि.एफ. क्लिनिक नेपाल प्राइभेट लिमिटेड पानीपोखरी, काठमाडौं महानगरपालिका-03, काठमाडौं जिल्ला, बागमती प्रदेश, नेपाल-44600

250+ FERTILITY SPECIALISTS*
1,40,000+ SUCCESSFUL IVF CASES*
120+ ADVANCED FERTILITY CLINICS*
ELECTRONIC WITNESSING SYSTEM*
PIONEERS OF "CLOSED WORKING CHAMBERS"*

भ्रुणको लिंग परिक्षण गर्नु जघन्य अपराध हो, यो कार्य हाम्रो यहाँ गरिदैन।
Disclaimer : The models used in the creative is just for illustration purpose only. *All the facts & figures are based on Indian data.
Prenatal Sex Determination & Sex Selection is illegal and not done here.

ऊर्जा ध्यान समृद्धिको वरदान

ध्यान



रामचन्द्र शर्मा



'हजार चिरा परेको मन ध्यानले सिलाएँ
बाहिर-भित्र भत्केको जीवन प्रेमले मिलाएँ

यो गीतका शब्दहरूले हरेक मानिसमा रहेका बीजरूपी गुणबाट वृक्षरूपी प्रेमपूर्ण जीवनमा आनन्दको फूल फुलाउन जरारूपी ध्यानको महत्त्वबोध गराउँछ। मानिसले धारण गरेको सत्यता, स्वाध्याय, अहंकारिताको समष्टि रूप सत्यम, क्षमाशिलता सर्वकल्याण भाव, सेवाभावको समष्टि रूप शिवम् र मधुर वाणी, लक्ष्यसँग एकाकार, मुमुक्षाको समष्टि रूप सुन्दरम्को पालना गर्नुपर्ने मानवीय धर्म हो। त्यसको निर्वाह नगरी पाखण्डी पूजा गराई दक्षिणा आर्जनमा मानवीय धर्मको दुरुपयोग भएको र मूल्य-मान्यतामा आधारित निष्ठाको राजनीति गरी लोकतान्त्रिक गणतन्त्र फलाइफुलाइ राजनीतिक परिवर्तन गर्दाका अवस्थामा रगत बगाई पीडामा रहेकाको घाउमा समृद्धिको मलम लगाई राजनीतिक धर्मनिर्वाह गर्नुपर्ने जनप्रतिनिधि, कर्मचारी र राजनीतिकर्मीले आफ्नो कर्तव्य पूरा
नगरिदिँदा नेपालीहरूको चर्केको घाउ र फाटेको मन ऊर्जा ध्यानले मात्र भर्न सक्छ।

मानवजीवनको कुनै निश्चित अर्थ वा परिभाषा छैन। त्यसैले जीवनलाई जस्तो बनाउन चाह्यो, उस्तै हुन्छ भनिएको हो। मानिसको जीवन शुद्ध काँचो माटो हो, जुनसुकै आकार दिन ऊ स्वतन्त्र छ। तर, एउटा आकार लिएपछि त्यो परिवर्तन गर्न कठिन हुन्छ। र पनि, ऊर्जा ध्यानको साधनाले जीवनको त्यो आकार परिवर्तन गर्न सम्भव छ, हुन्छ।

ध्यान जीवन हो। सजगता र चेतना नै ध्यान हो। अर्थात्, मानिसमा भएको थाहा पाउने क्षमता, जसलाई चेतना भनिन्छ, त्यो नै ध्यान हो। त्यो चेतना वा सजगता कुनै एक विषय वा घटनामा टिकाइराख्नु ध्यान गर्नु हो। त्यो चेतना नै ऊर्जा हो। ध्यान नभए मानिस मुढोसरह हुन्छ। ध्यान जेमा लगायो, त्यही बढ्छ। सकारात्मक कुरामा लगाए, स्वर्ग र नकारात्मकमा लगाए नरकमा पुगिन्छ। स्वर्ग-नर्क अन्त कतै छ भन्नु मिथ्या हो। ऊर्जा ध्यानको साधनाले मन चाहेको ठाउँमा लान सकिन्छ। शरीरभन्दा मन हजार गुणा बलियो हुन्छ। मनभन्दा भाव र भावभन्दा चेतना कैयौं गुना बढी बलियो हुन्छ। चेतनाले राम्रो-नराम्रो सबै थाहा पाउँछ। गर्ने-गराउने सबै मनले मात्र गर्छ, चेतनाले गर्दैन। नराम्रो आफैं आउँछ, राम्रो ल्याउन प्रयत्न गर्नुपर्छ। ऊर्जा ध्यानको साधनाले मनलाई राम्रोमा टिकाइराख्ने हुँदा मानिसको जीवनमा सुख, शान्ति, समृद्धि आई आनन्दित हुन्छ। ध्यान जोगीले मात्र गर्ने हो भन्ने भ्रम छ समाजमा। त्यो अज्ञानता वा नियतवश गलत धारणा फैलाइएको हो।

> 'बुद्धको ज्ञान लुम्बिनीमा ध्यान' भन्ने मूल नाराका साथ एकैपटक एकै ठाउँमा पाँच हजारजनालाई सामूहिक ऊर्जा ध्यान गराएर गिनिज बुकमा नाम लेखाउने योजना छ।

बढ्दो उमेरसँगै गुणहरूमा अतिक्रमण भएर कुरूप हुन्छ जीवन। हरेक प्राणीमा चेतना छ। चेतनाको फैलावट मानिसले मात्र गर्न सक्छ। यही फरकले अन्य प्राणीले आफ्नो मात्र संवेदना थाहा पाउँछ भने जति पनि फैलाउन सक्ने चेतना भएको मानिसले सबैखाले प्राणी, वनस्पति, घटना व्यवहार र परिकल्पित साहित्यको संवेदनासमेत थाहा पाई आफू प्रभावित हुन्छ। आमाबाबु, परिवार, समाज, देश र विदेशको व्यवहार मानिसको चेतना विस्तारका स्रोत हुन्। बालकले आफ्ना गुणमा अतिक्रमण होस् भन्ने चाहना गरेको हुँदैन। बालकप्रति दर्साइने, परिवारका सदस्यबीच गरिने र आफन्त तथा अन्य मानिससँग गरिने व्यवहारले ऊ प्रभावित हुन्छ, अर्थात् उसले थाहा पाई स्मृतिमा बस्छ।

अर्कोतर्फ राम, कृष्ण र बुद्ध सबै पुरुषार्थ व्यक्ति हुन्। उनीहरूले आफूमा रहेका जन्मसिद्ध गुणहरू मानव कल्याणका निमित्त सदुपयोग गरे। प्रजाका प्रिय युवराज राम बाबु दशरथको आज्ञा पालनका लागि चौध वर्ष वनवासमा कन्दमूल खाएर बिताए। अन्यायी रावणले पत्नी सीताको अपहरण गरेकाले एकातिर पत्नीवियोगमा पनि पत्नीव्रता बनिरहे भने अर्कोतिर शक्तिको उन्मादले होइन, मानवीय कानुनसंगत युद्ध लडी रावणरुपी अन्यायको अन्त गराई संकटको घडीमा पनि नैतिक मूल्यहरूको पालना गरी भगवान् कहलिए।

रामायण र महाभारत हरेक मानिसले अवलम्बन गर्नुपर्ने जीवनपद्धति हो। दूरदर्शी महर्षिहरूले रोचक बनाउन कथामा प्रस्तुत गरेका मात्र हुन्। लुम्बिनीमा जन्मनुभएको सामान्य मानिस सिद्धार्थ गौतम ध्यानको साधनाले नै विश्वसामु शान्तिका अग्रदूत भगवान् बुद्ध बन्नुभयो। राम र कृष्णले जे गुण लिएर जन्मे, ती गुण हामी सबैसँग छन्। रामले वशिष्ठ, मार्कन्डेय, विश्वामित्र र कृष्णले गर्ग, आचार्य र साण्डिल्यजस्ता विराट् महर्षि गुरूहरूको मलजल पाएर ती बीजरुपी गुणहरू प्रेमको वृक्ष बन्दै आनन्दको फूल फुल्यो। तर, हाम्रो विडम्बना! सदगुरु त के मानिसभित्रै रहेको अपार खजाना देखाइदिने उत्पादनशील शिक्षा प्रणालीसम्म पनि पाइएको छैन।

अधुरो शिक्षा प्रणाली र हरक्षेत्रमा मौलाएको राजनीतीकरणले दिन-प्रतिदिन बढ्दो युवा पलायन र उर्वर भूमि बाझिने क्रमले सिर्जिएको देशको भयावह अवस्था हामी सबैले देखे-भोगेकै छौं। कुनै दल वा नेतृत्वप्रति दोषारोपण नगरी हरेक राजनीतिकर्मीदेखि हामी सर्वसाधारण जनताले समेत आ-आफ्नो भागको जिम्मेवारी स्वयं लिँदै हीनताभाव होइन, जस्ताको तस्तै स्वीकारभावमा आ-आफ्ना ठाउँबाट हामी राम्राबाट सक्दो पहलकदमी नलिने हो भने नराम्रो परिस्थिति रहिरहन्छ।

सो तथ्य आत्मसात् गरी यो पंक्तिकारले चक्र विज्ञान बुझी ऊर्जा ध्यानको साधना गर्दा आफूमा आएको रूपान्तरणको आधारमा स्रोत साधन, जनशक्ति, विज्ञान र प्रविधि सबै भएर पनि विकास नहुनु मात्र होइन, हिजोको आत्मनिर्भर अवस्था पनि गुमाउँदै पराधीनताको ओराली झरिरहेको हाम्रो देशलाई ऊर्जा ध्यानमय बनाए मात्र समृद्धिको उकालोतर्फ तान्न सकिने यथार्थबोध आफूलाई भएकाले सबै राष्ट्रप्रेमी जिम्मेवार पक्षलाई पनि होला कि भन्ने सदासयता मात्र हो यो लेख।

पहिला राजनीतिप्रति वितृष्णा भरिएको मनमा आज परिवर्तनकारी दल र तिनका शीर्ष नेताले हिजो गरेको कष्ट साधना र लोकतान्त्रिक गणतन्त्रलाई जनताको इच्छा ठानी पूर्वराजाले खुसीराजीले गद्दी छाडेकोप्रति सम्मानभाव आत्मैदेखि आएको छ। विगत र भविष्यमा निरर्थक भौंतारिने मन के गर्दा आफूसँगै समाज देश र मानवजगत्को बृहत् हित होला भनी वर्तमानमा आत्मचिन्तन गरिरहेको छ। हिजो जेमा र जता पनि समस्या देखी तनावग्रस्त भई अरूमा दोष थुपार्दै आलोचनामा जल्ने मन आज जो पनि सहयोगी र जतातै सम्भावने सम्भावना देख्दै सबैलाई सघाउन पाएहुन्थ्यो भन्ने परिकल्पनामा रमाएको छ।

जोसँग जे छ, उसले त्यही दिन सक्छ भन्ने भगवान् बुद्धको प्रसिद्ध भनाइ छ। आफूमा जोस, जाँगर, सकारात्मक र सहयोगी भाव भएको व्यक्तिले मात्र त्यो अरूलाई पनि बाँड्न सक्छ। भगवान् कतै छन्, उनैले भाग्य दिने हर्ने गर्छन् भन्ने मिथ्या हो। आत्मा मूल भगवान् र आँखा, कान, नाक, जिब्रो, छाला, मस्तिष्क, स्नायु, हातखुट्टा, देवीदेवता हुन् भन्नेमा यथार्थता छ। ऊर्जा ध्यानको आधार भूमि विज्ञान नै हो। ऊर्जा ध्यानको अभ्यासले मानव शरीरमा चाहिने आवश्यक हर्मोन उत्पादन गर्न र रोग प्रातिरोधी क्षमता बढाएको अनुसन्धानबाट प्रमाणित भएकाले आधुनिक चिकित्सा विज्ञानले पनि उपचार पद्धतिको रूपमा ऊर्जा ध्यानलाई स्वीकार गरिसक्यो।

सत्य नै बृहत् हित हो। सत्यको कुनै रूप, रंग, आकारप्रकार हुँदैन, केवल अनुभव गर्ने कुरा हो। आज देशको बृहत् हित ओझेलमा परेको तथ्य विभिन्न तह तप्का र पेसाकर्मीले आ-आफ्ना हितको खोजीलाई मात्र प्राथमिकता दिएको उनीहरूको व्यवहारले उजागर गरेको छ। जीवन विज्ञानका विशेषज्ञ सद्गुरुद्वय रमेश र भानुले आफूहरू कुनै सार्वजनिक पदमा नबस्ने र संस्थाबाट निजी प्रयोजनका लागि तलब सुविधा नलिने संकल्प गरी ऊर्जा ध्यानको साधनाबाट आफूहरूले पाएको आनन्द अरूमा बाँड्ने इच्छा र राम्राले केही नगरे नराम्रो रहिरहन्छ भन्ने यथार्थ आत्मसात् गरी संस्थापित गर्नुभएको जीवन विज्ञान संस्था भरपर्दो विकल्प हुन सक्छ।

नेपाललाई विश्वसामु ऊर्जा ध्यानको तपोभूमिको रूपमा चिनाई सारा नेपाली र विश्वका सबै मानवमा बुद्धले शान्ति बाँडेझैं आनन्द बाँडी नेपालीलाई विश्व मानवको पहिचान दिलाई नवयुग निर्माणको लक्ष्य लिई नेपाली जनजनमा ऊर्जा ध्यान फैलाउँदै वर्षौंदेखि दिनरात खटिई प्रभाव विस्तार गर्दै आइरहेको छ। त्यति मात्र होइन, मानवमा रहेका गुण खोज्नु र खोज्नका लागि सत्यता, स्वाध्याय, निर अहंकारिता, क्षमाशीलता, सर्व कल्याण भाव, सेवाभाव, मधुर वाणी, लक्ष्यसँग एकाकार र मुमुक्षाजस्ता दिव्य नवव्रत पालना गर्नु मानवीय धर्म हो।

मानिसको सातवटै चक्र जगाउने कलालाई चक्र विज्ञान भनिन्छ। जसमध्ये मूलाधारले शारीरिक स्वास्थ्य र कर्ममा सफलता, स्वादिष्टानले सुख, मणिपुरले हिम्मत साहस, अनाहदले भावना, विशुद्धिले विचार, आज्ञाले संकल्प र सहश्रारले बोधको सामर्थ जुटाउने काम गर्छन्। यी मुख्य सात चक्र सक्रिय हुनेको जीवनमा सफलताको वर्षा हुन्छ। सैद्धान्तिक ज्ञानले होइन, भौतिक साधनाले अनुभव हुने कुरा हो। सबै नागरिकलाई प्रेम गर्नुपर्ने कर्तव्य भएको राज्यले आयोजना गर्नुपर्नेमा नगरेकाले जीवन विज्ञान संस्थाले आगामी चैत १७ देखि २३ सम्म सातदिने विराट् चक्र विज्ञानको आयोजना गरेको छ। 'बुद्धको ज्ञान लुम्बिनीमा ध्यान' भन्ने मूल नाराका साथ एकैपटक एकै ठाउँमा पाँच हजारजनालाई सामूहिक ऊर्जा ध्यान गराएर गिनिज बुकमा नाम लेखाउने योजना छ।

अधुरो देखिन्छ महाकविको संग्रहालय

महाकवि देवकोटाका कतिपय कृति कहाँ हराए, न परिवारलाई थाहा छ न सरकारलाई



साहित्य

• शिवहरि घिमिरे

मैतीदेवीस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाममा बनेको 'महाकवि लक्ष्मीप्रसाद देवकोटा संग्रहालय'मा पुगेकामध्ये अधिकांशको प्रश्न हुन्छ, 'महाकविका नासोहरू यति मात्रै हुन् ?' महाकविको पुरानो मौलिक घर भत्काएर नयाँ बनाइएको संग्रहालय पुग्ने जोकोहीलाई यस्तो लाग्नु स्वाभाविकै हो। किनकि त्यहाँ महाकविलाई नै खिसिटिउरी गर्ने गरी उनका सीमित कृति मात्रै डिस्प्ले गरिएको छ। संग्रहालय पुगेकाहरूले न त देवकोटाका सबै कृतिहरू भेटाउन सक्छन् न त उनको जीवनशैली नै थाहा पाउन सक्छन्। दजर्नौं कृति रचेका महाकविका नाममा खोलिएको संग्रहालय अहिले रित्तोजस्तै छ। केही उनले लेखेका कृति, केही उनका बारेमा अरूले लेखेका लेखरचना, केही उनका लुगाफाटा र उनले अध्ययन गरेका पुस्तक मात्रै संग्रहालयमा भेटाउन सकिन्छ।

०७९ मा निर्माण सम्पन्न भएको तीनतले संग्रहालयको बाहिरी स्वरूप हेर्दा मौलिक शैलीकै देखिन्छ। तर, भित्र छिर्दा कंक्रिट थुपारिएको भान हुन्छ। साहित्य सिर्जनामा विश्वकै अद्भूत व्यक्ति मानिएका उनको संग्रहालयलाई निकै अव्यवस्थित र अपूर्ण तरिकाले सजावट गरिएको छ। संग्रहालयको भित्री आकारमा न त मौलिकता झल्किन्छ न त देवकोटालाई प्रस्ट चिनाउने चिजबिच नै राखिएका छन्। देवकोटाका बारेमा धेरै कवि तथा साहित्यकारहरूले महाकविले गलत ठाउँमा जन्म लिएको भनी त्यसवेलादेखि नै टिप्पणी गर्दै आइरहेकै हुन्। तर, अझै पनि राज्यले उनका रचनालाई नबुझेझैं गर्दै आइरहेको महसुस उनको नाममा बनाइएको संग्रहालय पुग्दा थाहा हुन्छ। उनले रचना सिर्जना गर्ने कविकुञ्ज गत वर्ष राज्यले नै भत्काएपछि धेरै साहित्यकार र लेखक चिन्तित पनि बनेका थिए। संस्कृतिविद् हरिराम जोशीले महाकविको पुरानो घरलाई जोगाउन नसके पनि उनको संग्रहालयलाई संग्रहणीय बनाउन आवश्यक रहेको बताए। 'महाकवि देवकोटालाई राज्यले चिनेकै थिएन, महाकवि उपाधि पनि जनस्तरबाट आएको हो, तर महाकविलाई देशले नचिने पनि संसारले चिनेको छ,' उनले भने, 'महाकविको नाममा राज्यस्तरबाट भएका प्रयास निकै कम छन्, वास्तवमा उहाँको जन्म गलत ठाउँमा नै भएको हो त्यसैले भनिँदै आएको होला।' उनका अनुसार महाकविका कृति र उनीसँग सम्बन्धित वस्तुलाई राज्यले उचित संरक्षण गर्न जरुरी छ। त्यसो त संग्रहालयसँग पनि महाकविका कृति कति थिए भन्ने सही तथ्यांक छैन। संग्रहालयले सोधीखोजी गरेर र केही अध्ययन गरेर केही पुस्तकको क्याटलग भने तयार पारिएको छ।

> महाकविको पुरानो मौलिक घर भत्काएर कंक्रिट उभ्याएको नेपाल प्रज्ञा प्रतिष्ठानले महाकविका कृतिहरू संकलन गर्न सकेको छैन। सरकारले नै सञ्चालन गरेका केही लाइब्रेरीमा महाकविका लेख रचना छन् वा छैनन् सोधीखोजीसमेत प्रतिष्ठानले गरेको छैन। यसअघि प्रतिष्ठानमा महाकविका आफन्तले दिएका केही सरसामान र बजारमा किन्न पाइने पुस्तक मात्रै प्रतिष्ठानले संग्रहालयमा राखेको छ।

के-के छन् संग्रहालयमा ?

महाकवि देवकोटाको नाममा बनेको संग्रहालय पुग्दा रित्तोझैं महसुस हुन्छ। किनभने संग्रहालयमा देवकोटासँग सम्बन्धित सरसामान निकै कम छन्। देवकोटाका सीमित वस्तु मात्रै संग्रहालयमा छन्। अन्य वस्तु कहाँ छन् अत्तोपत्तो छैन। संग्रहालयको पहिलो तलामा उनका तस्बिर र केही जोर लुगा राखिएको छ। जहाँ दुई जोर सेता दौरा-सुरुवाल, दुईवटा पाइन्ट, एउटा गन्जी, तीनवटा सेतो कमिज मात्रै छन्। तर, देवकोटाको संगहालय हेर्न पुगेका अधिकांशले देवकोटाका लुगाफाटो यति मात्रै हुन् ? भनेर प्रश्न गर्ने गरेका छन्। त्यस्तै, त्यही तलामा एक थान हार्मोनियम र रुसबाट देवकोटाले ल्याएको एउटा साइडब्याग राखिएको छ। सोही तलामा त्यसवेला देवकोटाको घरमा प्रयोग हुने एउटा पुरानो जाँतो, चुरोटको खरानी राख्ने ट्रे एक थान, एक थान कासको थाल, एक थान गिलास र एक थान कचौरा राखिएको छ।

महाकविको जीवन्तता झल्काउने र जीवनशैली झल्काउने कुनै पनि चिजबिज संग्रहालयमा भेटिन्न। देवकोटाले अध्ययन गर्न बस्ने सुकुल तथा गुन्द्री, खाट, कुर्सी, टुल, उनको घरको भान्साघरमा राखिने किचेनका सरसामान, लुगाफाटो, पुराना दराजलगायत अन्य घरमा प्रयोग हुने सरसामान कहाँ पुगे कसैलाई थाहापत्तो छैन। देवकोटामा छोरा पद्म देवकोटाले आफ्ना बुबाका केही सामान परिवारका सदस्यसँग पनि हुन सक्ने बताए। 'उहाँका सरसामान को-कोसँग छन् मलाई थाहा छैन, म वा परिवारसँग पनि केही सामान हुन सक्छन्,' उनले भने, 'तर यसमा के-के भयो के-के भएन भनेर जान्ने-खोज्ने जिम्मा प्रज्ञा प्रतिष्ठानको पनि हो।'

त्यस्तै, महाकविका कृति तथा रचनाबारेमा संग्रहालयलाई पनि यथेष्ट जानकारी छैन। सामान्य अध्ययन र सोधीखोजी गरी संग्रहालयले क्याटलग तयार पारेको छ। क्याटलगमै भएका अधिकांश पुस्तक तथा कृतिहरू संग्रहालयमा छैनन्। थोरै कृति मात्रै राख्दा महाकविका बारेमा अध्ययन गर्न संग्रहालय पुगेका साहित्यकार मन खिन्न बनाउँदै फर्किन्छन्। उनीहरूले सकेसम्म खोज अध्ययन गरेरै भए पनि महाकविका हराएका र संग्रहालयसँग नभएका कृति राख्न सुझावसमेत दिन्छन्।

हराउने अवस्थामा महाकविका सिर्जना

संग्रहालयमा महाकविले लेखेका पुस्तक संख्या करिब चार दर्जन हाराहारी छन्। तर, अन्य केही पुस्तक तथा कृतिको नाम मात्रै संग्रहालयले संकलन गरेको छ। तर, ती नाम पनि पर्याप्त छैनन्। त्यसो त महाकविका कति कृति थिए भन्नेबारे नेपाल प्रज्ञा प्रतिष्ठानलाई यकिन जानकारी छैन, न त उनका परिवारलाई नै छ। हाल संग्रहालयसँग महाकविका पाँच मात्रै महाकाव्य छन्। अन्य महाराणा प्रताप, भक्त प्रह्लाद, सुषमालोचना र बुद्ध चरित्र/सत्यभामा महाकाव्य छैनन्। यसमध्ये भक्त प्रह्लाद र सुषमालोचना अपूरा कृति हुन्।

त्यस्तै, नौवटा खण्डकाव्य संग्रहालयले राखेको छ भने अन्य मायाविनी, नवरस, कटक, वसन्ती लघुकथा र वसन्ती लघुकाव्य

साप्ताहिक राशिफल

१२ फागुन (शनिबार) - १८ फागुन (शुक्रबार)



• सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

चिताएको काम विलम्ब गरी समापन हुनेछन्। समयको तालमेल नमिल्दा योजना अधुरै हुने योग रहेको छ। बिहीबार बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ। साताको अन्त्यमा नतिजा कमजोर हुनाले काम दोहोऱ्याउनुपर्ला।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ। वेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ। महत्त्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला। परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा विभिन्न उपहार प्राप्त हुने समय छ। पहिलेका सहयोगीहरू टाढिन सक्छन्। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। साताको अन्त्यमा उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। आँटेको काममा सानोतिनो समस्या आउन सक्छ। बोलीको गलत अर्थ लाग्नाले सहयोगीहरू टाढिन सक्छन्। काम र पठन-पाठनमा लगनशील बन्न नसक्दा अरूले आलोचना गर्न सक्छन्।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

योजनाअनुसार अघि बढ्न नसकिए पनि नियमित काम भने सम्पन्न हुनेछन्। खानपानको अनियमिततातले स्वास्थ्यमा समस्या देखापर्नेछ। सहयोग गर्नेहरू कमै भेटिनेछन्। साताको अन्त्यमा थोरै आर्जनमा चित्त बुझाउनुपर्ला। अध्ययनमा पनि पछि परिने समय छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

व्यवसायमा लगानी बढाउनुपर्ने समय छ। विवादमा फस्ने योग छ। प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला। आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ। साताको अन्त्यतिर काममा स्थानान्तरण अथवा टाढाको यात्रा हुने सम्भावना छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

मिहिनेतले आम्दानी बढाउनेछ। कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। अध्ययनमा पनि राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान प्राप्त हुने योग छ। साताको अन्त्यमा पितृधनको उपयोगबाट विशेष फाइदा हुनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

राम्रो कर्मफल प्राप्त हुनेछ। सामाजिक क्षेत्रमा नेतृत्व हात लाग्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। व्यापारमा राम्रै फाइदा हुनेछ। मंगलबार काममा विशिष्ट व्यक्तित्वको सहयोग प्राप्त होला। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

वैदेशिक क्षेत्रबाट सामान्य लाभ उठाउन सकिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। श्रम गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। काम पूरा नभए पनि आंशिक फाइदा उठाउन सकिनेछ। फाइदाका लागि गोपनीयतामा ध्यान पुऱ्याउनुहोला।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीलाई पार लगाउन सकिनेछ। बिहीबार र शुक्रबार सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

परिवारजनको साथले उत्साहित भइनेछ। प्रेम वा मित्रताको बन्धन कसिने समय छ। भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ। आय-आर्जन राम्रै हुनेछ। साताको अन्त्यमा अतिथिका रूपमा सत्कारसमेत पाइने सम्भावना छ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

प्रतिक्षित नतिजाले उत्साह बढाउनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। ठूलो आवश्यकता पूरा हुनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुन सक्छ।

'पार्श्वधुन'को झंकारमा हराउँदा...

समीक्षा




शिव पलाँस

भट्ट सुन्दा 'पार्श्वधुन' कुनै संगीतको पुस्तक हो, जस्तो लाग्न सक्छ। तर, यो दुई दशकदेखि साहित्य लेखनमा क्रियाशील कृष्ण कुसुमको नवीन कथाकृति हो। शिखा बुक्सले प्रकाशित गरेको 'पार्श्वधुन'मा कुल १३ कथा छन्। त्यसमध्ये आठ कथा अमेरिकी परिवेशमा बाँचिरहेका नेपाली पात्रमाथि केन्द्रित छन् भने बाँकी पाँच कथा नेपालकै भूगोल, पात्र र परिवेश समेटेर लेखिएका छन्। उनले आफ्नो लेखनमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र राजनीतिक विषयलाई उठाएका छन्।

'एउटा अन्त्य' संग्रहको पहिलो कथा हो। भूगोल, भाषा र संस्कृतिविहीन हुन पुगेका गोपाल अंकलले रोजेको आत्महत्याको दुर्दान्त चित्र यो कथामा देखाइएको छ। नेपालीभाषी भुटानीलाई त्यहींको शासकले लखेटेको हो भन्ने आमबुझाइविपरीत यो कथाले सम्पत्ति हडप्न आफ्नै दाजुभाइले गरेको अत्याचार देखाउन खोजेको छ। अर्कोतर्फ, अमेरिकी समाजको भौतिक वैभवले मात्र मान्छेलाई मानसिक शान्ति र सन्तुष्टि दिन सक्दैन भन्ने खोजिएको छ। संस्मरण शैलीमा लेखिएको यो एउटा बलियो कथा हो।







संग्रहालयसँग नै छैनन् । यी कृति कहाँ छन् प्रज्ञा प्रतिष्ठानलाई पनि जानकारी छैन । महाकविकै रजपुत रमणी नाटक, शोककाव्य रामायण, अनुदित कृति म्याकबेथ, श्यामदास वैष्णवका कविताहरूको अनुवाद, इन्द्रेणीको दोम्रो र सातौँ अंकमा गरिएका अनुवाद, पागल तथा अन्य कविता र इन्द्रेणी कविता संकलनमा समेटिएका कविता, मैत्रदेव पाठकले श्री ५ महाराजाधिराजको भारत यात्राको वर्णन गरेका अंग्रेजी अनुवाद पनि संग्रहालयमा राखिएको छैन । त्यस्तै, देवकोटाका अंग्रेजी कृति दुईवटा मात्रै संग्रहालयमा राखिएका छन् । अन्य बिग गेम सुटिङ इन नेपाल, द ब्यालेड अफ लर्नी, द लुन्याटिक एन्ड अदर पोइम्स र द विथ डाक्टर एन्ड अदर एस्से संग्रहालयमा भेटिँदैन । यसबाहेक अप्रकाशित अंग्रेजी कृति पनि संग्रहालयमा राखिएका छैनन् । त्यस्तै, देवकाटाका कवितासंग्रहमध्ये दशवटा कवितासंग्रह मात्रै संग्रहालयमा राखिएका छन् । तर, अन्य आकाश बोल्छ, मृत्युशय्याबाट, लक्ष्मी गीतिसंग्रह, कटक, नवरस, चिल्ला पातहरू, छहरालगायत कवितासंग्रह संग्रहालयमा छैनन् । हाल संग्रहालयसँग नभएका पुस्तकको खोजीकार्य पनि प्रज्ञा प्रतिष्ठानले गरेको छैन । प्रतिष्ठानका कुलपति भूपाल राईले महाकविका थप कृतिहरू कहाँ-कहाँ छन् यकिन नभएको बताए । 'उहाँका कतिपय कृति बाहिरतिर छरिएका छन्, तर सबै कृति हामीसँगै छैनन्, विशेषगरी हामीले छापेका र केही कसैले हामीलाई उपलब्ध गराएका कृतिहरू हामीले राख्ने हो,' उनले भने, 'तर, महाकविका बारेमा थप अध्ययन गर्न र संग्रहालयलाई व्यवस्थित पार्न हामीसँग बजेटको अभाव छ ।' उनले पुस्तकालय, लेखक, साहित्यकार, कुनै व्यक्तिसँग महाकविसँग सम्बन्धित पुस्तक वा अन्य सामग्री भएमा उपलब्ध गराउन अनुरोध गरे ।

> महाकविको जीवनशैली झल्काउने कुनै पनि चिजबिज संग्रहालयमा भेटिन्न । देवकोटाले अध्ययन गर्न बस्ने सुकुल तथा गुन्द्री, खाट, कुर्सी, टुल, उनको घरको भान्साघरमा राखिने किचेनका सरसामान, लुगाफाटो, पुराना दराजलगायत घरमा प्रयोग हुने अन्य सरसामान कहाँ पुगे कसैलाई थाहापत्तो छैन ।

के-के कृति छन् संग्रहालयमा ?

मुनामदन (नेपाली अवधी), लिम्बू भाषा), प्रमिथस, दाडिमको रूखनेर, पृथ्वीराज चौहान, वनकुसुम, कृषिवाला, प्रबन्धसंग्रह, चम्पा, सावित्री सत्यावान, राजकुमार प्रभाकर, तिप्लिंगी, दृश्यन्त शाकुन्तल भेट, सीताहरण, म्हेन्दु, लुनी, पुतली, परी, भिखारी, सुनको बिहान, जन्मोत्सव मुटुका थोपा, गाइने गीत, भावानागांगेय, छाँगासँग कुरा, मनोरञ्जन, लक्ष्मी कथासंग्रह, लक्ष्मी कवितासंग्रह र लक्ष्मी निबन्धसंग्रह, महाकविले तीन महिनामा रचेको शाकुन्तल, १० दिनमा रचेको सुलोचना महाकाव्य, एक रातमा रचेको कुञ्जिनी खण्डकाव्य नेपाल र अंग्रेजी भाषामा, मैना र वापु सोनेइस कृतिहरू संग्रहालयमा राखिएका छन् । त्यस्तै, संग्रहालयमा महाकविका केही पाण्डुलिपि र अधुरा लेखहरू पनि राखिएका छन् । जसमा मेघदूत, आनन्द सतसा, नेपाली प्रथम महाकाव्य, प्रथिमस, झ्याउरे वैराग्य लहरी, दुई निबन्ध, सृजा माता, झञ्झा वर्णन र मैना छन् । यी कृतिहरूलाई संग्रहालयमा सजाइएका छन् । महाकविको मैना खण्डकाव्यसंग्रह विसं ०३९ मा रोयल नेपाल एकेडेमीले रजतजयन्तीको अवसरमा प्रकाशन गरेको थियो ।

महाकविको पुरानो मौलिक घर भत्काएर कंक्रिट उभ्याएको नेपाल प्रज्ञा प्रतिष्ठानले महाकविका कृति संकलन गर्न सकेको छैन । सरकारले नै सञ्चालन गरेका केही लाइब्रेरीमा महाकविका लेखरचना छन् वा छैनन् सोधीखोजीसमेत प्रतिष्ठानले गरेको छैन । यसअघि प्रतिष्ठानमा महाकविका आफन्तले दिएका केही सरसामान र बजारमा किन्न पाइने पुस्तक मात्रै प्रतिष्ठानले संग्रहालयमा राखेको छ । कतिपय लोप हुने अवस्थामा पुगेका र गातासमेत फाटेका पुस्तकलाई पुनः प्रकाशन गर्ने योजना प्रतिष्ठानसँग छैन । महाकवि देवकोटाका छोरा पद्म देवकोटाले पनि आफ्ना बुबाका बाँकी कृतिहरू कहाँ-कहाँ छन् भन्नेबारेमा आफूलाई जानकारी नभएको बताए । तर, नेपाल प्रज्ञा प्रतिष्ठान र कतिपय साहित्यकारले महाकविका कतिपय कृति र सरसामान परिवारकै सदस्यले राखेको हुन सक्ने बताउँदै आएका छन् । प्रतिष्ठानले परिवारका सदस्यलाई महाकविको नाममा सरसामान सरकारलाई दिन आग्रह गरे पनि आफन्तबाट कुनै किसिमको सरसामान आउन नसकेको संग्रहालयले जनाएको छ । संग्रहालय निर्माण भए पनि प्रतिष्ठानले त्यसको रेखदेखका लागि सातजना कर्मचारी खटाएको छ । तर, ती कर्मचारीलाई पनि संग्रहालयको महत्त्व कसरी बढाउने, कसरी प्रचार-प्रसार गर्ने भन्ने अलमलमा देखिन्छन् ।

त्यो पशुपति...

पृष्ठ ३ बाट क्रमशः

तिनका गुठीजग्गा, जसले संरक्षण गर्नुपर्ने हो, उसैले मासिदिनाले मलेवा, परेवा र बाँदरहरू दानाबाट वञ्चित छन् । गुठी संस्थान आफ्नो कर्तव्यकर्मबाट विमुख छ । बिहान झिसमिसेमै पशुपतिनाथको दर्शन गर्न आउने भक्तजनबाट गुजारा गरिरहेका मलेवा, परेवा र बाँदरहरू हिजोआज पहिलेजस्तो त्यसमा निरन्तरता नभएकाले वेलामौकामा भोकभोकै बस्नुपर्ने अवस्था छ । नजिकको गाउँघरमा बाँदरहरू हुल बाँधेर जानुपर्ने नाजुक अवस्था आउनु त्यसैको कारण हो ।

हामी केटाकेटी छँदा पशुपतिमा देख्दै डरलाग्दा ढेडु बाँदर प्रशस्त देखिन्थे । आजकाल बाँदरको संख्या त राम्रै छ, तर लिखुरे बाँदरहरू नै धेरै छन् । सुरक्षाको नाउँमा पर्खालमाथि धार भएको काँडेतार राख्ने प्रवृत्ति बढेकाले हिजोआज घाइते बाँदरको संख्या दिनानुदिन बढ्दै गइरहेको छ । अर्कोतिर बागमतीको प्रदूषित पानीले अकालमै बाँदरहरूले ज्यान गुमाइरहेका छन् ।

■ कहाँ छन् घाटेवैद्य ?

पशुपति आर्यघाटमा कहिलेदेखि घाटेवैद्यको सुरुवात भएको हो भन्न गाह्रो छ । जुद्धशमशेरको खड्ग निसानामा घाटेवैद्यको बारेमा चर्चा भएकाले त्यसभन्दा केहीअघिदेखि नै व्यवस्था भएको थियो भन्न गाह्रो छैन । घाटेवैद्यको काम मृत्युशय्यामा रहेको व्यक्तिको मरण नबिग्रियोस्, समयमै अर्घ्यजल र भगवान्को प्रसाद-चन्दन दिन सकियोस् भन्नका लागि उपयुक्त समय बताउने हो । पहिले-पहिले काठमाडौंका मानिस आफ्नो मरण अस्पतालमा नहोस्, आर्यघाटमा मठ-मन्दिरको दर्शन गरेर होस् भन्ने चाहन्थे । त्यसका लागि पशुपतिनाथ मन्दिरमा रातदिन जतिखेर बिरामी लिएर गए पनि बाहिरबाट मन्दिरको दर्शन गराई पूर्वी ढोकाबाट आर्यघाटमा पुऱ्याउने चलन थियो । यो चलन अहिले अवरुद्ध छ । सुरक्षाको कारण देखाई पशुपतिनाथ मन्दिरबाट आर्यघाटतर्फ जाने ढोका बन्द भएको झन्डै दुई दशक भयो । आर्यघाटमा रहेका दुइटा सत्तल अन्तिम समयका बिरामी राख्नका लागि श्री ३ जंगबहादुर राणाकी पत्नी नन्दकुमारीदेवीले निर्माण गरिदिएकी हुन् । घाटमा पुगेका बिरामी मृत्युलाई वरण गर्ने दिन गनेर बस्नुबाहेक अर्को उपाय थिएन । घाटेवैद्यले नाडी छामेर मृत्यु नजिक छ कि टाढा छ अनुमान गरिदिन्थे । उनीहरूले भनेबमोजिम बिरामीलाई अर्घ्यजलका लागि ब्रह्मनालमा लगिन्थ्यो ।

दुईजना घाटेवैद्यको दरबन्दी अहिले पनि पशुपति क्षेत्र विकास कोषअन्तर्गत छ । हिजोआज अधिकांश बिरामीलाई अस्पताल पुऱ्याइने चलन छ । अस्पतालहरू पनि स्वार्थी छन्, पैसा खर्च गर्न सक्नेलाई उनीहरू उपचार गर्छन् । पैसा खर्च गर्न नसक्नेहरूलाई अन्तिम अवस्थामा पुगेपछि यहाँ हुन्न अन्त लग्नुस् भनी डिस्चार्ज गरिदिन्छन् । त्यस्तो नाजुक अवस्थामा कहाँ लगून् ? उनीहरू घाटको शरणमा पुग्छन् । 'पशुपति आर्यघाट सेवा केन्द्र'मा केही सेवा पाउँछन् । त्यहाँ आवश्यक पर्ने अक्सिजन र सामान्य औषधि उपचारको व्यवस्था छ । कतिपय बिरामी त्यहाँ निको भएर घर फर्किएका र लामो अवधि बाँचेका समाचार वेलावेलामा देख्न-सुन्न पाइन्छ । एकताका पशुपति क्षेत्र विकास कोषको माध्यमबाट त्यस्तो अन्तिम घडीमा पुगिसकेका व्यक्तिलाई घाटमा गई विष्णु सहस्रनाम, श्रीमद्भगवद् गीताको पाठ सुनाइदिने व्यवस्था थियो । त्यसका लागि एकजना ब्राह्मण नियुक्ति नै गरिएको थियो । आजभोलि त्यो चलन हराइसकेको छ ।

■ कहाँ गए असल साधुसन्त ?

पहिले पशुपतिनाथ मन्दिरवरपर ज्ञानी-ध्यानी साधुसन्त थिए । बालुवा बाबा, श्याम चैतन्य बाबा, योगी क्षिप्रनाथ, योगी नरहरिनाथ, रामनाथ अघोरी बाबा (जसले नेपालमा होमियोप्याथी उपचार सुरु गर्नुभयो), डा. स्वामी प्रपन्नाचार्य, ब्रह्मचारी बाबालगायत बस्नुहुन्थ्यो । बेलायतकी रानीले समेत आदरभाव गर्ने गरेका शिवपुरी बाबा ध्रुवस्थलीमा बस्नुहुन्थ्यो, पछि उहाँले त्यहीं समाधि लिनुभयो । खप्तड बाबा पनि वेला-वेला वासुकी गुफामा आएर बस्नुहुन्थ्यो । पछिल्लो समय यहाँ ज्ञानी-ध्यानी साधुसन्तहरूको कमी हुँदै गएको महसुस हुन्छ ।

साधु-सन्त-महात्मा भनेको धार्मिक क्षेत्रका आभूषण हुन् भनिँदिए हुन्छ । असल, गुणी साधु-सन्त, महात्मालाई खोजेर भएर पनि यतैहुँदी राख्ने व्यवस्था गर्नुपर्छ, यसमा पशुपति क्षेत्र विकास कोषले ध्यान दिनुपर्छ । मलाई सम्झना छ, लामो समयदेखि भारतको विभिन्न ठाउँमा बस्दै आउनुभएका डा.स्वामी प्रपन्नाचार्यलाई हातै जोडेर वि.सं. २०४५ तिर मृगस्थलीस्थित चन्द्रेश्वर सत्तलमा राखेका थियौं । नेपालको जन्म, संस्कृतको उद्भट विद्वान् भएर पनि उहाँ परदेशमा घुमन्ते जीवन बाँच्न बाध्य हुनुहुन्थ्यो । मृगस्थलीमा एकटंकारले बस्न थालेपछि नेपाली भाषा-साहित्य, इतिहास, पुरातत्त्वको क्षेत्रमा उहाँका अनेक अनुसन्धानात्मक कृतिहरू सिर्जना भए, जसको आफ्नै किसिमको योगदान छ ।

साँच्चै भन्ने हो भने असल साधुसन्तको संगतले जीवनमा सुख, शान्ति र आनन्दको अनुभव गर्न पाइन्छ । एक किसिमले भन्ने हो भने जीवनै रुपान्तरित हुन पुग्छ । अहिले स्वर्गद्वारी महाप्रभुका शिष्य भागवतानन्द स्वामीज्यू तीसौं वर्षदेखि रामघाटपारिपट्टि गुरुकुल सञ्चालन गरेर बस्नुभएको छ । आजभोलि पशुपति क्षेत्रमा साधुसन्तको भेषमा केही युवा देखिन थालेका छन्, तपमय साधनापूर्ण जीवनको कसीमा उत्रन अझै समय लाग्ला । असल, ज्ञान, ध्यानी साधुसन्तहरू जहाँ बस्छन्, त्यहीं पवित्र तीर्थस्थल बन्छ । धार्मिक पर्यटनको प्रवर्द्धनमा पनि त्यसले फाइदै पुऱ्याउँछ ।

जोन बेनेटले 'लङ पिलग्रिमेज' शीर्षकको आफ्नो पुस्तकमा लेखेका छन्- राजा महेन्द्रको राज्याभिषेकमा भारतका राष्ट्रपति डा.सर्वपल्ली राधाकृष्णन् शाही अतिथि भएर वि.सं. २०१३ वैशाखमा आएका थिए । एयरपोर्टबाट सीधै अतिथिगृह शीतलनिवासमा जानुपर्ने राष्ट्रपति शिवपुरी बाबाको आश्रममा पुग्छन् र आफ्नो मनमा उठेको प्रश्न गर्छन्- तपाईंको उपदेश के हो ? शिवपुरी बाबा जवाफ दिनुहुन्छ- मेरो उपदेश शारीरिक, मानसिक र आध्यात्मिक हुने गर्छ । राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णन् आश्चर्य मान्दै भन्छन्- सम्पूर्ण सत्य यति थोरै शब्दमा !

असल साधु, सन्त, महात्माहरू भनेका सनातन हिन्दूधर्मका गहना हुन्, धर्म-अध्यात्मका परिपालक र व्याख्याता पनि हुन् । अहिले अनेकौं प्रकारका वैचारिक प्रदूषण, कोलाहल र जतातते अशान्ति मच्चिरहेका वेला तिनको शमनका लागि सही मार्गदर्शन गर्न सक्ने विचार दिने साधुसन्तको कमी हुँदै गएकोजस्तो लाग्छ ।

भारतका विभिन्न तीर्थस्थलमा प्रशस्त नेपाली साधुसन्त, महात्माहरू हुनुहुन्छ । नेपाल आउँदा उहाँहरूको गुनासो हुन्छ, मातृभूमि भनेर आएका हौं । तर, यता आउँदा निस्फिक्री भएर टाउको लुकाउने ठाउँसम्म छैन । गुठी संस्थानअन्तर्गत काठमाडौं खाल्डोमा धेरै मठमन्दिर छन्, सत्तल, धर्मशाला छन् । तर, त्यस्ता ठाउँ कि त जीर्ण अवस्थामा पुगेका छन् कि कुनै गृहस्थको घरजमको स्थल बनेका छन् । हाम्रा तीर्थस्थलमा साधुसन्त, महात्मालाई बस्ने व्यवस्था गरिदिन पाए कति राम्रो हुन्थ्यो ! असल साधु, सन्त, महात्माहरूको निःस्वार्थताबाट समाजले धेरै कुरा पाउन सक्छ । उनीहरूलाई उचित वातावरण उपलब्ध गराएर राख्न कन्जुस्याइँ गर्नुहुँदैन ।

■ मृगस्थलीमा मृगको बिजोग

पहिले सदस्य-सचिव भएको झन्डै २७ वर्षपछि फेरि २०७० सालमा सरकारले मलाई पशुपति क्षेत्रको सदस्य-सचिवमा नियुक्ति गऱ्यो । मृगस्थलीमा घेराबन्दी गरेर राखेका मृगहरूको अवस्था बुझ्न जाँदा हरियोपरियो घाँसमा रमाउने मृगलाई फुक्का दाना खुवाएर राखिएको दयनीय स्थिति देखें । जंगलमा स्वतन्त्र भएर डुल्नुपर्ने, घाँसपात खाएर हुर्कनुपर्ने मृगलाई बन्धनमा राखेर त्यसमाथि फुक्का दानाको भरमा बाँच्नुपर्दाको पीडा बुझेर दानाको साथै हरेक दिन घाँस दिने व्यवस्था मिलाएँ । मेरो अवकाशपछि बीचमा त्यसमा केही अवरोध आए पनि अहिले घाँसले निरन्तरता पाएको छ भन्ने सुनेको छु ।

मृगस्थलीमा मृगलाई के-कति कारणले बन्धनमा पाल्ने गरी योजना बनाइयो, अनौठो लाग्छ । मृगस्थलीकै नामबाट त्यसो गरिएको हो भने पहिले त मृगहरू त्यहाँ स्वतन्त्र रूपले विचरण गर्ने अवस्था थियो । आउँथे-घुम्थे-जान्थे । पशुपति पुराण, हिमवत्खण्डले त्यही भन्छ । मृगस्थलीमा अहिले मृगको संख्या दिनानुदिन घट्दै गएको छ । पहिलेका कृष्णसार अब त्यहाँ छैनन् । भएका मृग पनि रात-विरात चितुवाको सिकार हुने गरेका छन् ।

■ विभेद हट्यो

२००७ सालअघि पशुपतिनाथको मन्दिरमा कुन जातका मानिस कहाँसम्म जान हुने-नहुने त्यसमा निकै माथापच्चिसी हुने गर्थ्यो । मन्दिर प्रांगणको सरसफाइका लागि कुसलेहरूसम्म जान सक्थे । अरू कुचिकारलाई मनाही थियो । कुसलेहरू पनि मूल गर्भगृहको प्रदक्षिणापथमा जान पाउँदैनथे । भोटे, थाक्सेहरू मन्दिरको बाहिरबाट दर्शन गर्न सक्थे, सिँढीबाट मन्दिरमा उक्लिन पाउँदैनथे । भारतका संविधान निर्माता बाबासाहेब अम्बेडकर नेपाल भ्रमणमा आउँदा उनलाई कहाँसम्म जान दिने भन्ने विषयमा चर्को विवाद चल्यो । यहाँका दलित वर्गलाई नै मूल मन्दिरमा जान दिइएको छैन भने अम्बेडरलाई किन दिने भनेर तात्कालिक धर्मरक्षा महामण्डलले मन्दिरमा प्रवेश गर्न रोक लगायो ।

२००७ सालको प्रजातन्त्रको आगमनपछि अनेकौं यस्ता बारबन्देज खुकुलो हुँदै गए । अहिले पनि पशुपति मन्दिरको बाहिरी ढोकामा 'प्रवेश हिन्दूहरूका लागि मात्रै' भनेर लेखिएको छ । यहाँ हिन्दूहरू भन्नाले वैदिक, बौद्ध, जैन, शिख अर्थात् सम्पूर्ण ॐकार परिवार भन्ने बुझिन्छ । हिन्दूको परिभाषाभित्र नेपालमा अपनाइने गरेको व्यापक सोच, दृष्टि र दर्शनअनुसार त्यस सूचनापाटीमा त्यही कुरालाई खुलस्त पारिदिए भ्रम सिर्जना हुने थिएन । त्यहाँ रहेको सूचनापाटीले विगतमा कहिलेकाहीं विवाद सिर्जना गर्ने गरेको पनि पाइन्छ ।

■ मासियो गौचरण

अहिले पशुपतिमा गाईवस्तुको व्यवस्थापन जटिल मुद्दा बनिरहेको छ । इतिहास पल्टाउँदा मल्लकालमै पनि गाई, साँढेको चरिचरणको लागि क्रमशः 'साकेव' 'डोचा केव'जस्ता ठाउँ छुट्याइदिएको पाइन्छ । शाहकालिक राजा रणबहादुर शाहको पालामा उनले गाईवस्तुको चरिचरणका लागि निकै ठूलो क्षेत्रफलको जग्गा गौचर बनाइदिएका थिए । अहिले जहाँ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अवस्थित छ, त्यसको करिब आधाभन्दा बढी भाग त्यही गौचरभित्रको जग्गा हो । त्यसभित्र करिब एक हजार १६७ रोपनी जग्गा गौचरको परेको छ । गाईसाँढेको औषधिमूलो गर्नका लागि उनले साँढेवैद्य नै पनि नियुक्ति गरेका थिए । लक्ष्मीनारायण दाहाल नामका व्यक्ति साँढेवैद्यको नामले इतिहासमा उल्लेख भएको पाइन्छ । २००६ सालमा 'गौचर विमानस्थल'को नामबाट स्थापित विमानस्थलले बिस्तारै बृहत् रूप ग्रहण गऱ्यो । विमानस्थल त्यति व्यस्त नहुँदा पछिसम्म पनि गौचरमा स्वतन्त्र रूपले गाईवस्तु चर्थे । केटाकेटीहरू त्यही चौरको कुनै भागमा फुटबल खेलिरहेका देखिन्थे । गाईवस्तुको गौचरमा अहिले अन्तर्राष्ट्रिय विमानस्थल छ, त्यसबाट हुने आम्दानीको केही भाग पशुपति क्षेत्रको विकास-निर्माण तथा गाईवस्तुको संरक्षण-संवर्द्धनमा लगाउन सकिए कति राम्रो हुन्थ्यो ।

२०४३-२०४४ सालसम्म पनि पशु व्यवस्थापनको समस्या अहिलेको जस्तो जटिल भइसकेको थिएन । हरेक पूर्णिमाका दिन पशुपतिनाथ मन्दिरमा हुने महास्नानमा 'वृषोत्सर्ग पूजा'मा एउटा नन्दी छाड्नुपर्ने हो । तर, आफन्त, चिनेजानेका मानिसका कारण एउटा होइन, तीन-चारवटै दूधकटुवा नन्दीहरूलाई त्यस दिन साँढे गरी छाड्ने गरिनाले समस्या बढ्दै गयो । अहिले त दूध खाने तर बाच्छा-बाच्छी सडकमा छाडा छाडिदिने गलत प्रवृत्तिले गर्दा जतातते गाईवस्तुको विजोग छ ।

गाईपालन क्रमशः व्यावसायिक बन्दै गयो । दूध दिन छाडेपछि गाईलाई गोठबाट लखेट्न थाले । दूध खुवाउनुपर्ने उमेरका ससाना बाच्छा-बाच्छीलाई सडक, मठमन्दिरवरपर छाडिदिन थालेपछि व्यवस्थापनको समस्या जटिल बन्दै गयो । गाडीले हानेर पशु-चौपाया घाइते हुन थाले । म दोस्रो कार्यकाल पशुपति क्षेत्र विकास कोषमा सदस्य-सचिव बनेर फर्किंदा दूधकटुवा नन्दीको समस्या भयावह देखें । महास्नानको दिन वृषोत्सर्ग गरी छाडिएका दूधकटुवा नन्दीहरू खान नपाई बाटो-दोबाटोमा लडेका, कुकुरले लखेटेर मार्ने गरेको अवस्थालाई देखेर पुरानो 'डोचा केव'मा २०-३० वटासम्म गाईवस्तुलाई मज्जाले राख्न मिल्ने गोठ निर्माण गरियो । त्यहाँ भुस्सा-दाना राख्ने ठाउँलगायत बिरामी भएमा तिनलाई उपचार गर्न मिल्ने केही कोठा, भेटेरिनरी डाक्टर बस्ने ठाउँ कोषले बनाएको थियो ।

दोस्रो कथा हो 'क्लोन' । यसले गणतन्त्रपछि नेपालमा उदाएका बग्रेल्ती राजारजौटाको खाफलाई थप्पड हानेको छ । टेबलमाथि चढेर सलामी खाने र फूल-अबीरले पुरिएर हिँड्ने र विकास भनेकै गाउँमा भ्यु टावर र सहरमा पशुपक्षीका सालिक निर्माण हो भन्ने भाष्यलाई कथाकार कुसुमले बिम्बैबिम्बका माध्यमबाट भनेका छन् । अमेरिकामा बस्ने कानुनी र आर्थिक आधार निर्माण भएपछि दाम्पत्य जीवनमा आउने खटपट र त्यसले ल्याउने पारिवारिक विग्रहका घटना अब नौलो हुन छोड्यो । सम्बन्धविच्छेद र त्यसको दुष्परिणाम भोग्न बाध्य सन्तानको पीडा हो कथा 'दुत्कार' ।



> यो कथासंग्रहले नेपाली पाठकलाई अमेरिकी समाजको अनुहार देखाइदिएको छ । आफ्नै देशका सीमान्तकृत पात्र, परिस्थिति र उनीहरूको कथानक पनि पस्किएको छ । पहिलो संग्रहमा जुन स्तरका कथा कृष्ण कुसुमले लेखेका छन् त्यसले भविष्यमा उनको कथा लेखनको बाटो सुगम छ भन्ने देखाएको छ ।

'लडाकु' कथाले नेपालको द्वन्द्वकालीन अवस्था र त्यसपछिका राजनीतिक परिदृश्य उजागर गरेको छ । एकातिर आफूलाई सर्वहारा पनि भन्ने र अर्कोतिर पुँजीपति वर्गसँग गला पनि लगाउने नेतृत्वको दोहोरो चरित्रलाई यो कथाले देखाएको छ । सारमा यो कथाले माओवादी आन्दोलनको विद्रुपीकरणलाई प्रकाश पारेको छ । 'कोखा र पाखुराको बीचबाट कमिजको छेउ मात्र छेडेर दुइटा गोली गए, तर मलाई लागेन' भन्ने प्रवीनको घटना वर्णन भने उति पत्यारिलो लाग्दैन ।

इमानदार र अध्ययनशील केटो हो सुमन विक । उसले नेपालमा जातीय तगारोले बाधा पुऱ्याएको प्रेमलाई अमेरिकाको खुला समाजमा ल्याएर फुलाउन चाहन्छ । ऊ प्रेमीकाको सपनाकै योजना मुताविक चल्छ । अन्ततः भइदिन्छ उल्टो । ऊ झुटो विवाहको अभियोगमा एफबिआईको फन्दामा पर्छ । सच्चा प्रेम र सफा नियत हुँदाहुँदै कानुनी फन्दामा परेको पात्रको कथा हो 'माया उर्फ पासो' ।

विद्रोही र सुरक्षाकर्मीको दोहोरो चेपुवामा परेर विदेश हिँड्न बाध्य भएका अर्जुनका बुबा मेसिन दुर्घटनामा परेर कतारमै मृत्युवरण गर्छन् । आकाशमा विदेश उडेर बाकसमा स्वदेश फर्किनुपर्ने नेपाली युवायुवतीको क्रुर नियति 'गथासो' कथाले अभिव्यक्त गर्न खोजेको छ । 'पारिजात' सांस्कृतिक बेमेलको कथा हो । नेपाली संस्कारमा जुन कुरालाई कर्तव्य र ममता भनिन्छ त्यही कुरा अमेरिकामा गैरकानुनी पनि हुन सक्छ भन्ने यहाँ छर्लंग देखाइएको छ । बहस गर्नका निम्ति यसले एउटा गहिरो प्रश्न पनि सतहमा ल्याइदिएको छ । मृतक बच्ची पारिजात पुतलीको अवतारमा आएर आफ्नो मृत्युमा आफ्नी आमा जिम्मेवार नभएको संवाद बोल्छे । यहाँनिर पाठकलाई जिन रिचार्डसनको पूनर्जन्मको कथा 'द लस्ट डल' सम्झना आउन सक्छ । चार वर्षको उमेरमा मरेकी कार्मेन एक वर्षपछि इभान्जेलिनाको अवतारमा पुनर्जन्म लिन्छे र आमालाई आफ्नो विगत हुबहु बताउन थाल्छे । 'न्युयोर्कमा भेटिएको देश'मा नेपालमै बस्न चाहने श्रीमान् र अमेरिकामै बस्न चाहने छोरोको बीचमा परेकी पात्र देवकीको मानसिक कष्ट देखाइएको छ । कथाकार कुसुमले देखाएको यो विषय सिक्काको एउटा पाटो हो ।

'ब्लाइन्ड डेट' पुष्करले हरियो पत्ता अर्थात् ग्रिन कार्ड प्राप्त गर्न अँध्यारोमा हानेको ढुंगा हो । त्यो सही निशानामा लाग्न पनि सक्छ, नलाग्न पनि सक्छ । नाता प्रमाणित गर्नका निम्ति एउटी किशोरीले गरेको कानुनी संघर्ष हो 'अपूरो' । मूल प्रवाहबाहिरका विषयलाई टिपेर कथाकार कुसुमले आफ्ना कथाको केन्द्रमा ल्याएका छन् । वर्णनको शैली मीठो भएकाले पाठकको ध्यान कथामै केन्द्रित गरिरहन उनी सफल छन् । कथाभित्र कथाहरू बुन्दै जाने, तर ठीक ठाउँबाट फेरि मूल कथामै फर्किने उनको चलाखी पनि मज्जाको छ । महिलाका विषयमा लेख्दा महिलाकै भावना प्रतिबिम्बित गर्न सक्नुपर्छ त्यसतर्फ उनी सचेत देखिन्छन् ।

अधिकांश पात्र दुःख, पीडा र संघर्षको चक्रव्यूहबाट बाहिर आउनै सक्दैनन् । भाषिक सौन्दर्य र शाब्दिक घनत्वको अपेक्षा पनि पाठकले गर्छ नै । केही सुखान्त कथा पनि पढ्न पाएको भए झनै राम्रो हुन्थ्यो । समग्रमा भन्दा यो कथासंग्रहले नेपाली पाठकलाई अमेरिकी समाजको अनुहार देखाइदिएको छ । आफ्नै देशका सीमान्तकृत पात्र, परिस्थिति र उनीहरूको कथानक पनि पस्किएको छ । पहिलो संग्रहमा जुन स्तरका कथा कृष्ण कुसुमले लेखेका छन् त्यसले भविष्यमा उनको कथालेखनको बाटो सुगम छ भन्ने देखाएको छ ।



आत्मसमीक्षा

सौगात मल्ल, अभिनेता

फिल्म 'कागबेनी'बाट अभिनेता सौगात मल्लले दर्शकको राम्रो तारिफ पाए। उनी 'लुट' फिल्मको 'हाकु काले' चरित्रका कारण दर्शकमाझ निकै रुचाइए। 'लुट'पछि 'छड्के', 'फिटकिरी', 'फन्को', 'कबड्डी'लगायत थुप्रै फिल्ममा उनले राम्रो अभिनय गरे। नेपाली सिनेमाको परम्परागत बाटो भत्काएर फरक बाटोमा हिँडाउने श्रेय उनलाई पनि जान्छ। केही समयअघि उनी अभिनीत फिल्म 'रेड सुटकेस' भेनिस फिल्म फेस्टिभलमा प्रदर्शन भएको थियो। उनको अर्को फिल्म 'अगस्त्य च्याप्टर-१ रिलिजको तरखरमा छ। फिल्ममा व्यस्त सौगातले आफ्नो कलायात्राको समीक्षा पवन बराइलीसँग यसरी गरे :



तस्बिर : दिपेन्द्र ढुंगाना

भावनामा बहकिनु नहुनेरहेछ

अबचाहिँ फिल्म गर्दा सजग हुनुपर्छ भन्ने लागेको छ। कतिपय फिल्ममा काम गर्दै थाहा हुन्छ यो फिल्म झुर हुनेवाला छ। सोच्दा खत्रै हुन्छ भन्ने लाग्ने तर रिजल्ट ठीक उल्टो। त्यसैले मलाई पनि डर लाग्न थालेको छ। भावनात्मक रूपमा बग्नु नहुनेरहेछ।

> 'लुट'पछि बाटो बिराएको आरोप मलाई लागेको छ। झुर फिल्म खेल्यो भनेर धेरैले आलोचना पनि गर्छन्। यो म स्वीकार गर्छु। मलाई पहिले वर्षमा एक-दुईवटा फिल्म खेल्ने सोच आउँथ्यो। तर, वर्षमा दुईवटा फिल्ममा काम गरेर जीवन नचल्ने रहेछ।

मनवलपरासीमा जन्मैं, हुर्किएँ। सानै हुँदा गाउँका विभिन्न चाडपर्वमा फिल्म देखाइन्थ्यो। हाम्रो घरमा काम सघाउने एकजना दाइ बस्थे। उनी घरको काम सकेपछि गाउँ डुल्थे। र, बेलुका फिल्म पनि हेरेर आउँदा रहेछन्। हामीलाई घरबाहिर घुम्ने छुट थिएन। बुबाआमाले निकै कडा गर्नुहुन्थ्यो। ती दाइले घरमा आएपछि मलाई फिल्मको कथा सुनाउँथे। म पनि फिल्मको कथा सुन्न पाइन्छ भनेर उनलाई काममा सघाउँथैं। मलाई दिनदिनै हिन्दी फिल्मको कथा र कलाकारबारे सुनाउँथे। त्यसपछि म पनि फिल्म भनेपछि हुरुक्कै हुन थालैं। म सात-आठ वर्षको थिएँ। ती दाइले फिल्मको कथा सुनाएपछि फिल्मको हिरो बन्छु भन्ने लाग्थ्यो। डान्स पनि गर्थैं। स्कुलमा पनि साथीहरूले खत्रा गर्न सक्छ भन्थे। बिस्तारै पढाइतिरभन्दा फिल्मतिर ध्यान गयो। मेरो अनुहार हिरोको जस्तो थिएन। हिरो हुनका लागि अनुहार नै राम्रो चाहिन्थ्यो। म राम्रो डान्स गर्थैं। त्यही भएर मलाई सबैले फिल्मको हिरो बन् भन्थे। तर, घरमा मभन्दा मेरो दाइ (सौरभ मल्ल) हिरो देखिन्थ्यो। उसलाई ह्यान्डसम छ भन्थे। म दाइजस्तो किन भइनँ भन्ने लाग्थ्यो। स्कुल पढ्दा मलाई साथीहरूले कसम तैँले एक्टिङ गर्न सक्छस्। तर, अनुहारचाहिँ छैन तेरो। तैपनि फिल्मचाहिँ खेल्नुपर्छ भनेर उचाल्थे। मलाई पनि एक्टिङ गर्न त सक्छु। तर, अनुहारलाई के गर्ने ? अनुहारले 'फेल' खायो भन्ने लाग्थ्यो। मेरो अनुहार देखेर बिचरा फिल्मको हिरो बन्ने सपना बोक्छ, अनुहारचाहिँ छैन के गर्छ होला ? भनेर मेरो अनुहारका लागि सबैले चिन्ता गर्थे। तर, फिल्मको हिरोचाहिँ बन्नैपर्छ भन्ने लाग्यो।

अनि थिएटरमा आएँ

म नवलपरासीबाट फिल्मको हिरो बन्ने सोचले काठमाडौं आएँ। हिरो बन्ने चक्करमा धेरै ठाउँ धाएँ। गाउँको एकजना दाइले आकाश अधिकारीसँग भेटाइदिनुभयो। त्यसवेला उहाँको फिल्म 'रणभूमि' अन्तिम चरणमा पुगिसकेको रहेछ। फिल्मको एउटा मात्रै गीतको सिन बाँकी रहेछ। उहाँले भन्नुभयो 'तिमी पनि काम गर्छौं ?' मलाई पनि त्यस्तै चाहिएको। उहाँले भनेजस्तै गर्ने। मेरो धीरेन शाक्यको साइडमा बसेर टाउको मात्रै हल्लाउने सिन थियो। पछि फिल्ममा आफूलाई हेर्दा झुर देखेँ। त्यसपछि उहाँको दोस्रो र तेस्रो फिल्ममा अलि ठूलो रोल पाएँ। तर, चित्त बुझेन। आफैँलाई कठै बिचरा भनेजस्तो लाग्न थाल्यो। ज्यान मात्रै ढाडे। आफैँलाई पनि फिल्म सुहाएकोजस्तो लागेन। म के बन्न हिँडेको थिएँ ? के भएँ होला जस्तो लाग्थ्यो। मलाई साथीहरूले के भन्लान् ? भन्ने लाग्न थाल्यो। फिल्ममा देखिसक्नुभएन। त्यसपछि एक-दुई वर्ष काम नगरी बसैं। म डिप्रेस भइसकेको थिएँ। त्यो वेला बाहिर अनुहार देखाउन मन लागेन। मलाई कतै लुकेर बसौं जस्तो भएको थियो। पछि त घरमा बस्दाबस्दा दिक्क भइसकेको थिएँ।

त्यसवेला वीरेन्द्र हमाल सरको 'एमआर थिएटर' थियो। त्यहाँ अभिनय, डान्स सिकाइने रहेछ। मलाई पनि त्यस्तै ठाउँ चाहिएको थियो। पछि म पनि 'एमआर थिएटर' पुगेँ। त्यहाँ वीरेन्द्र सरसँग भेट भयो। सुरुमा उहाँले मलाई के-के गर्न आउँछ ? भनेर सोध्नुभयो। मलाई डान्स र एक्टिङ दुवै आउँछ भनैं। मैले गरेर पनि देखाएँ। उहाँले वाह ! बबाल गर्दा रहेछौ भन्नुभयो। त्यहाँ कमलमणि नेपाल, भोलाराज सापटकोटालगायत काम गरिरहेका थिए। त्यसपछि म त्यहीं व्यस्त भएँ।

त्यही दौरान वीरेन्द्र सरसँग सुनिल पोखरेल सरले तिम्रोमा विद्यार्थी को-को छन् ? मलाई नाटकका लागि कलाकार चाहियो भन्नुभएछ। वीरेन्द्र सरले भन्नुभयो, 'नाटकमा मेरो पनि रोल छ। तिमीहरूले पनि रोल पाउँछौ।' नाटकमा वीरेन्द्र सर मुख्य भूमिकामा हुनुहुन्थ्यो। नाटकमा सुनिल सर पनि हुनुहुन्थ्यो। नाटकको नाम 'जात सोध्नु जोगीको' थियो।

म विद्यार्थीको रोलमा रिहलसल गर्दै थिएँ। वीरेन्द्र सरको रोल मैले गर्नुपऱ्यो। पछि नाटक निकै रुचाइयो। त्यसपछि मेरो पत्रपत्रिकामा नाम आउँन थाल्यो। फिल्ममा एक्टिङ गर्ने मान्छे थिएटरमा छन् भन्ने खालको चर्चा हुन थाल्यो। आफू फिल्मबाट नाटकमा आएको थिएँ। फेरि मलाई फिल्ममा नै फर्किहाल भन्न थाले। मलाई अचम्म लाग्न थाल्यो। तर, म फिल्ममा काम गरेर आएको भन्ने कसैलाई थाहा थिएन। मलाई नाटकमा फुर्काउन थाले। मचाहिँ फुर्किनैं। अब नाटक गर्छु भन्ने लाग्यो।

सुनिल सरले गुरुकुल खोल्ने योजना बनाउनुभएको रहेछ। उहाँले अब गुरुकुलमै बसेर काम गर्नौं भन्नुभयो। मैले पनि गुरुकुलमै बस्ने निर्णय गरैं। थिएटरमै रमाइलो लाग्दै गयो। त्यहाँ संसार बुझ्न पाएँ। मैले बिस्तारै अरू नाटक पनि गर्दै गएँ। आठ-नौ वर्ष गुरुकुलमै बिताएँ। सुनिल सरले एकदिन सोध्नुभयो, 'अब तिमीहरू के गर्छौं ?' मैले फिल्म खेल्न आएको सुनाए। तर, नाटक रमइलो लाग्दै छ। कुनै दिन फिल्म पाएँ भने फिल्म खेल्न जान्छु भनैं। उहाँले भन्नुभयो, 'ठीकै छ, आफ्नो रुचिमा काम गर। तर, दुवैलाई सन्तुलनमा राख्नुपर्छ।'

तर, म नाटकमै ठीक छु भन्ने लाग्थ्यो। नाटक सबैले मन पनि पराइरहेका थिए। म पनि खुसी दर्शक पनि खुसी। तर, एकजना साथीले यस्तो फिल्मका लागि फर्म खुलेछ, तपाईंले पनि भर्ने हो ? हलिउडको टिम ल्याएर फिल्म बनाउन लागेको रहेछ भन्यो। उसको कुरा सुनेर झसंग भएँ। हलिउडकै फिल्म हो भने गरौं न त भन्ने लाग्यो। त्यसपछि आँखा चिम्लेर फर्म भरैं। फर्ममा हाल्ने फोटो पनि थिएन। व्रतबन्धको फोटो हालेर पठाएको थिएँ। फिल्ममा लिए लिन्छ, नलिए लिँदैन भन्ने थियो। तर, म अडिसनका लागि छानिएछु। पछि अडिसनमा बोलाइयो। पहिलोपटक विदेशबाट क्यामेरा ल्याइएको रहेछ। सबैले हलिउडको फिल्म हो भन्थे। तर, मलाई हलिउडको मान्छे जस्तो लागेन। अडिसनमा भूषण दाहाललाई देखेँ। त्यहाँ अनुप बराल सर पनि हुनुहुन्थ्यो। अनुप सरलाई देखेर छक्क पर्ने। फिल्ममा अनुप सरको कास्टिङ निर्देशन रहेछ। म अडिसनबाट फिल्मका लागि छानिएँ। फिल्म सकिएपछि म फेरि गुरुकुल नै फर्किएँ। मलाई फिल्ममा सुहाउँदैन भन्ने लाग्थ्यो। तर, पछि आफूलाई 'कागबेनी'मा ठिकै देखेँ। त्यसपछि अझै राम्रो गर्न सक्छु होला जस्तो लाग्यो। 'कागबेनी'पछि अरू फिल्ममा काम पाउँछु होला भन्ने लागेको थियो, तर पाइनँ। मैले सोचेजस्तो भएन। जीवनमा सोचेजस्तो हुँदै नहुने रहेछ। हामी सधैं हतार गर्दा रहेछौं।

सोचेजस्तो नहुने रहेछ

म संघर्षको दिन सम्झन्छु। एकैपटक नहुनेरहेछ भन्ने महसुस हुन्छ। समय परिवर्तनशील हुँदो रहेछ भन्ने लाग्छ। त्यो वेला म हिरो बन्छु भन्ने सम्भावना नै थिएन। भारतमा पनि मजस्ता कलाकार थुप्रै थिए होलान्। ओम पुरी, नाना पाटेकर, इरफान खानलगायतलाई हेर्थैं। मलाई पनि उनीहरूसँग तुलना गर्थैं। इरफान खान पनि बीचमा फिल्मबाट हराए। फेरि फिल्ममा देखा परे। वास्तवमा उनीहरूलाई हेरेर मलाई पनि आँट आउँथ्यो। मेरो अनुहार झुर छ भनेर थाहा थियो नै। म फिल्ममा नसुहाएर थिएटरमा आएको थिएँ। तर, मसँग एक्टर नबन्नुको विकल्प थिएन। घरबाट कम्प्युटर सिक्न पठाएको पैसा त एक्टिङ सिक्नमा खर्च गरैं। यदि मैले कम्प्युटर सिकेको भए एक-दुई दिनमै बिर्सिन्थैं। त्यो मलाई सिकेर कामै थिएन।

अहिले नभए पनि छोराछोरीको पालासम्म फिल्मको हिरो भइन्छ होला भन्ने लाग्थ्यो। तर, सम्भावना रहेछ। फिल्मको हिरो पनि फेसनजस्तै रहेछ। बजारमा पुरानो हराउँछ, नयाँ फेसन सुरु हुन्छ। कुनै समयमा अनुहार राम्रो भएको हिरोको माग बढ्छ होला। यो एउटा समय चक्र रहेछ। हामीजस्तालाई यति चाँडै हिरोको रूपमा रुचाइन्छ भन्ने लागेको थिएन।

मैले 'कागबेनी' गरेको सात वर्षपछि 'लुट'मा काम गरैं। 'लुट'मा हामी सबैले मिहिनेत गरेर काम गर्‍यौं। त्यसवेला हाम्रो लगाव बेग्लै थियो। हुन त त्यो त्यस्तै समय थियो। सबैको एउटै सोच थियो। हामी सबै खाली थियौं। 'लुट'ले हामी सबैलाई एउटा लेभलमा पुऱ्यायो। हामी सबैको उत्तिकै लगाव थियो। त्यसवेला हामी तीन महिना वर्कसपमा बस्यौं। अहिले निर्माता निर्देशक एक महिना पनि वर्कसपमा बस्ने मान्दैनन्। सबैले 'लुट'को उदाहरण दिन्छन्। तर, कसरी 'लुट' बन्यो भन्ने कसैलाई थाहा छैन। 'लुट'मा जति अरू फिल्ममा मिहिनेत गरेको छैन होला। तीन महिना एक ठाउँमा बसेर कसरी काम गर्‍यौं होला। अहिले पनि त्यसरी काम गर्न सम्भव छ। यो निर्देशक र निर्माताले बुझ्नुपर्छ। म आफू पनि दुई महिना वर्कसपमा बसेर मात्रै फिल्म गर्न पाएहुन्थ्यो जस्तो लाग्छ। फिल्मलाई राम्रो बनाउन बसेर छलफल गर्ने हो। अहिले एक-दुई दिन वर्कसपमा बसेर सुटिङमा हिँड्ने चलन छ। यो आफैँमा जोखिम छ। कतिपय निर्देशकलाई वर्कसप बसेर के अर्थ भन्ने बुझाइ छ। कलाकारले चाहेर मात्रै फिल्म राम्रो हुँदैन। निर्माता निर्देशकलाई पैसा खर्च हुन्छ भन्ने मात्रै डर छ। फिल्म राम्रो भयो भने कति राम्रो पैसा आउँछ भन्ने उनीहरूले बुझेका छैनन्।


हुन त 'लुट'पछि बाटो बिराएको आरोप मलाई लागेको छ। झुर फिल्म खेल्यो भनेर धेरैले आलोचना पनि गर्छन्। यो म स्वीकार गर्छु। मलाई पहिले वर्षमा एक-दुईवटा फिल्म खेल्ने सोच आउँथ्यो। तर, वर्षमा दुईवटा फिल्ममा काम गरेर जीवन नचल्ने रहेछ। जीवनमा त्यसरी सम्भव नै नहुने रहेछ। दुई वर्षमा एउटा राम्रो स्क्रिप्ट आउँछ। एक-डेढ वर्षमा एउटा राम्रो फिल्म गरेर मात्रै सकिँदैन। जीवन चल्नका लागि अर्को काम गर्नुपर्छ, अरू काम गर्न आउँदैन। एक-दुई वर्षमा आशालाग्दो 'स्क्रिप्ट' आउँछ। स्क्रिप्ट राम्रो नभएपछि फिल्म फितलो हुँदै जाने भइहाल्यो। हामी कलाकार इमानदार भएर काम गर्ने हो। मैले आफ्नो काममा मिहिनेत गर्छु। तीन-चार महिनामै स्क्रिप्ट तयार गरेर फिल्म गर्छन्। साथीहरू फिल्म बनाउनै हतार गर्छन्।

अब सजग हुन्छु

मलाई पनि मेरो फिल्म फ्लप हुनुहुँदैन भन्ने लाग्थ्यो। तर, आफूले सोचेजस्तो केही पनि नहुँदो रहेछ। 'लुट'को हाकु काले क्यारेक्टरलाई दर्शकले मन पराइदिनुभयो। फिल्म हिट भएपछि मात्रै 'क्यारेक्टर'ले दर्शकलाई छुने रहेछ। नत्र काम गरिस्, गरैं भन्ने मात्रै हुँदो रहेछ। तर, मलाई हरेक फिल्ममा नयाँ 'क्यारेक्टर' गर्न मन लाग्छ। दर्शकलाई पनि नयाँ क्यारेक्टरमा चिनाउन मन लाग्छ। त्यसैले पनि फरक-फरक क्यारेक्टर गरिरहेकै छु। पहिले वर्षमा एउटा फिल्म गर्छु भनेर सोच्थैं। हिजो संघर्षका वेला साथीहरूलाई कुनै दिन सँगै काम गरौंला भनेर गफ दिइएको हुन्छ। उनीहरू नै अहिले फिल्ममा काम गरौं भनेर आउँछन्। त्यही भएर सहयोग गरौं न जस्तो लाग्छ।

राम्रै सोचेर गरे पनि नराम्रो भइदिन्छ। तर, अबचाहिँ फिल्म गर्दा सजग हुनुपर्छ भन्ने लागेको छ। कतिपय फिल्ममा काम गर्दै थाहा हुन्छ यो फिल्म झुर हुनेवाला छ। सोच्दा खत्रै हुन्छ भन्ने लाग्ने तर रिजल्ट ठीक उल्टो। त्यसैले मलाई पनि डर लाग्न थालेको छ। अहिले भावनात्मक रूपमा बग्नु नहुने रहेछ। धेरै भावनामा बहकिएँ जस्तो लाग्छ। यस्ता कुरा बिस्तारै बुझ्दै छु, सिक्दै छु। पछिल्लो केही फिल्मको कथा मन नपरेर फिर्ता पनि गरेको छु।

सम्बन्ध



राइना कोहेन



सुखी र स्थिर वैवाहिक जीवनको सूत्र

> समाजशास्त्रीहरूले अविवाहित व्यक्तिहरूको तुलनामा विवाहित व्यक्तिका छरछिमेकी, नातेदार र साथीभाइसँगको सम्बन्ध कमजोर हुने गरेको पाएका छन्। हामी चाहिनेभन्दा धेरै अपेक्षा गरेर रोमान्टिक सम्बन्धलाई कमजोर बनाउँछौं। यसैगरी, अति कम अपेक्षा गरेर मित्रतालाई कमजोर बनाउँछौं।

जब बर्ट एलिसन तीव्र निराशाको अनुभव गर्थे, तब उनले खोज्ने पहिलो व्यक्ति उनकी पत्नी होइन, दुई दशकभन्दा लामो अवधिदेखिको घनिष्ठ मित्र डेन ड्रिस्कोल हुन्थे। आफ्नो पिएचडीको पहिलो वर्ष एलिसन बढी नै तनावमा थिए। उनले एक दिन आफ्नी पत्नीलाई आफूले पिएचडी छोड्न चाहेको र त्यसपछि सबै कुरा ठीक हुने बताए। ड्रिस्कोलले उनलाई पहिले आफ्नो ख्याल राख्न र वैवाहिक जीवनका तनावलाई कम गर्न सुझाए।

'मैले मेरो विवाहको दिन मेरी श्रीमती ड्यानसँग कुनै कसम खाएको त होइन,' एलिसनले मलाई भने, 'तर मलाई लाग्छ, म मेरो प्रतिज्ञापालन गर्न सक्षम छु, अझ पूर्ण रूपमा। किनभने म मेरी श्रीमतीजीसँग कुनै प्रतिज्ञा गर्नुअघि त्यसबारे मेरा अनन्य मित्रसँग सरसल्लाह गर्ने गर्छु।'

एलिसन र ड्रिस्कोलको तरिका (विधि)लाई अनुसन्धानले पनि पुष्टि गरेको छ। विवाहित व्यक्तिमा स्ट्रेस हर्मोन 'कोर्टिसोल'को मापन गरिएको एक अध्ययनले साथीसंगी वा अन्यको सामाजिक समर्थन प्रणालीबाट सन्तुष्ट दम्पतीहरूले (सन्तुष्ट नहुनेको तुलनामा) वैवाहिक जीवनको नियमित विवादबाट कम शारीरिक तनाव अनुभव गर्ने गरेको पायो। आर्थिक वा वित्तीय क्षेत्रमा जस्तै हामीले हाम्रो सामाजिक जीवनमा पनि आफ्नो 'पोर्टफोलियो' विविधीकरण गर्नु बुद्धिमानी हुन्छ।

मैले मित्रता वा सामाजिक जीवनको पोर्टफोलियोबाट आफ्नो जीवनमा यस्ता कैयौं लाभ प्राप्त गरेको छु। हामी अर्थात् म र मेरा पतिले हाम्रा दुई घनिष्ठ मित्र र तिनका दुई बालबच्चासँग निवासस्थल साझा गरेका छौं। हाम्रा मित्रको दृष्टिकोण, अभिरुचि र सामाजिक समुदायले मेरो र मेरा पतिको जीवनलाई पूर्ण र गतिशील बनाएका छन्। साथीसँग निवासस्थलको साझेदारीले मलाई मेरा पतिका विभिन्न आयाम पत्ता लगाउने अवसर पनि सिर्जना गरिदिएको छ। एक दिन दिउँसो मैले उनलाई बैठक कोठाको भुइँमा निमग्न भएर हाम्रा मित्रको भर्खरै हिँड्न थालेको सानो बच्चासँग खेलिरहेको देखेँ, जो बारम्बार मार्करको बिर्को खोल्ने र बन्द गर्ने गरिरहेको थियो। यो सानो बच्चाले कसरी कुराहरू सिकिरहेको छ भनेर मेरा श्रीमान् एकदमै रोमाञ्चित भएका थिए। त्यस क्षण मैले उनको धैर्य र सचेततालाई चिन्न पाए।

म हाम्रो यो सेटअपको माध्यमबाट, एउटा आदर्श वैवाहिक जीवन कस्तो हुनुपर्छ वा विवाहबाट म के चाहन्छु भन्नेबारे स्पष्ट भएको छु। आदर्श विवाह त्यो होइन, जसमा मेरा पति र म एकान्तमा एक-अर्काको आँखामा हेर्दै हराउँछौं। अक्सर प्रेमीहरू यसरी नै चित्रित गरिन्छन्। बरु, हामीलाई मन पराउने मानिसहरूको समुदायमा हाम्रो वैवाहिक जीवनको जरा गाडिएको होस्। मचाहिँ यस्तो दाम्पत्य जीवन चाहन्छु।

यो कुरा प्राचीन रोमनहरूले राम्ररी बुझेका थिए। केही शास्त्रीयहरू (क्लासिसिस्ट) आज विवाहले खेल्नेजस्तै मुख्य भूमिका प्राचीन रोमन समाजमा मित्रताले खेल्ने गरेको तर्क गर्छन्। एक रोमनले आफ्नो अनन्य मित्रलाई 'मेरो आधा प्राण' वा 'मेरो जीवनको महत्त्वपूर्ण अंश'जस्ता अहिले दम्पतीलाई मात्र प्रयोग गरिने शब्दहरूमा अभिव्यक्त गर्थ्यो। बैजान्तियन साम्राज्यमा, पुरुष साथीहरूको जोडी (जो, केही अवस्थामा, प्रेमी पनि हुन सक्छन्) चर्च प्रवेश गर्थे र धार्मिक रूपमा दाजुभाइमा परिणत हुन्थे, जीवनभरका लागि एक हुन्थे। केही त चिहानमा पनि सँगै गाडिन्थे।

मान्यताहरू परिवर्तन भएसँगै कुनै समय मित्रले लिने स्थान र खेल्ने भूमिका पति वा पत्नीले लिए। भिक्टोरियन युगको रोमान्टिक प्रेमप्रतिको बढ्दो जोडबलले युवायुवतीलाई विवाहबाट अझ बढी अपेक्षा गर्न अभिप्रेरित गऱ्यो। दाम्पत्यबाट व्यावहारिक लाभ मात्र होइन, गहिरो सम्बन्ध र संगतिको पनि अपेक्षा गर्न लगायो। त्यसयता वैवाहिक सम्बन्धका अपेक्षा बढ्दै गए। माइकल बुल्लेको गीतले तपाईंको जीवनसाथी (रोमान्टिक मित्र)लाई 'तपाईंको विश्वासपात्र, प्रियतम र अनन्य मित्र' भन्छ, उसरी नै अहिले चलचित्र, गीत र पुस्तकहरूले समेत हामीलाई तपाईंको दम्पती नै तपाईंको सबैभन्दा ठूलो प्रेम मात्र होइन, तपाईंको 'सबै थोक हुनुपर्छ' भन्छन्।

यस प्रकारको दृष्टिकोण कति हानिकारक हुन सक्छ भन्ने कुरा हामीले अहिले मात्र बुझेको चाहिँ होइन। समाजशास्त्रीहरूले अविवाहित व्यक्तिहरूको तुलनामा विवाहित व्यक्तिका छरछिमेकी, नातेदार र साथीभाइसँगको सम्बन्ध कमजोर हुने गरेको पाएका छन्। हामी चाहिनेभन्दा धेरै अपेक्षा गरेर रोमान्टिक सम्बन्धलाई कमजोर बनाउँछौं, यसैगरी अति कम अपेक्षा गरेर मित्रतालाई कमजोर बनाउँछौं।

यद्यपि, यसलाई ठीक गर्ने एउटा तरिका छ। तपाईं एउटा साधारण रेखाचित्र खिचेर यो अभ्यास सुरु गर्नुहोस्। कागजको एउटा टुक्रा लिनुहोस्। कागजको बीचमा आफ्नो नाम लेख्नुहोस् र आफ्नो जीवनका सबैभन्दा महत्त्वपूर्ण व्यक्तिलाई जनाउने सर्कलहरू खिच्दै जानुहोस्। अनन्य मित्र वा रोमान्टिक मित्रजस्ता घनिष्ठ सम्बन्धहरूको सर्कल तपाईंको नामको नजिक बस्नुपर्छ, अनि तपाईंको जीवनमा ठूलो स्थान लिने सम्बन्धहरूको सर्कल ठूलो हुनुपर्छ। यदि तपाईंले रोमान्टिक साथीका लागि निकै ठूलो सर्कल र अलि परचाहिँ मित्रहरूको स्थान जनाउने साना घेरा बनाउनुभयो भने यसको अर्थ तपाईंको जीवनमा रोमान्टिक सम्बन्धले धेरै महत्त्व पाएको छ भन्ने हुन्छ।

तपाईं आफ्ना साथीसँग नियमित भेटघाटको दिनचर्या बसाल्नेबारे सोचविचार गर्नुहोस्। म र मेरा घनिष्ठ मित्रले पाक्षिकहरूमा उनको सानो नानी सुतेपछि उनको घरमा भलाकुसारी गर्ने गरेका छौं। मैले चिनेका घनिष्ठ मित्रको एक जोडीले चाहिँ शुक्रबारको बिहानीलाई कफी र कुराकानीका लागि समर्पित गरेका छन्। उनीहरू अहिले यसलाई एक पवित्र अनुष्ठान ठान्छन्।

अति मिल्ने साथीसँगको मित्रताले तपाईंको रोमान्टिक सम्बन्धलाई पनि थप समृद्ध बनाउँछ। निःसन्देह, मित्रताले गहिरो अर्थ र सम्बन्ध प्रदान गर्ने भएकाले त्यो आफैँमा साध्य पनि हो। यिनले हामीले आकलन गरेभन्दा कता हो कता गहन अर्थ र सम्बन्ध प्रदान गर्न सक्छन्। जीवनमा साथीहरूलाई प्राथमिकता दिँदा मित्रता र रोमान्टिक (वैवाहिक सम्बन्ध) दुवै प्रकारका सम्बन्ध थप सन्तोषजनक हुन पुग्छन्। यसर्थ, तपाईंले रोमान्टिक पार्टनरसँगको समयको स्वाद लिँदै गर्दा आफ्ना मित्रहरूसँग पनि समय बिताउने गर्नुहोला।

(कोहेन 'द अदर सिग्निफिकेन्ट अदर्श : रिइम्याजिनिङ लाइफ विथ फ्रेन्डसिप एट द सेन्ट' पुस्तककी लेखिका हुन्। द न्युयोर्क टाइम्स'बाट नारायण शिवाकोटीको अनुवाद।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १२ फागुन ०८०

विद्युत्जडित क्षमता बढ्दै, तर जलवायु परिवर्तनले उत्पादन घटाउँदै

जडित क्षमता तीन हजार मेगावाट, उत्पादन आठ सय मेगावाटभन्दा कम

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आव ०८०/८१ को ६ महिनामा राष्ट्रिय ग्रिडमा एक सय ४४ मेगावाट विद्युत् थपिएको छ। निजी क्षेत्रका विभिन्न १० आयोजनाबाट सोबराबरको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो।

योसँगै विद्युत्को जडित क्षमता दुई हजार नौ सय तीन मेगावाट पुगेको छ। गत असारसम्म विद्युत्को जडित क्षमता दुई हजार सात सय ५९ मेगावाट थियो। चालू आवको ६ महिनामा एक सय ४४ मेगावाट क्षमताका आयोजना प्रणालीमा जोडिएको नेपाल विद्युत् प्राधिकरणबाट प्राप्त एक तथ्यांकले देखाएको छ। गत आवको पहिलो ६ महिनामा भने एक सय ७६ मेगावाट क्षमताका आयोजनाहरू राष्ट्रिय ग्रिडमा थपिएका थिए।

यस अवधिमा ०.९७ मेगावाटको घट्टे खोला स्माल, ३३.४० मेगावाटको लिखु-२, १०.३० मेगावाटको डाउन पिलुवा र ४० मेगावाटको अपर चमेलिया जलविद्युत् आयोजना प्रणालीमा जोडिएका छन्। यसैगरी, १०.७० मेगावाटको अपर सानीगाढ, १४ मेगावाटको घार खोला, १४.८० मेगावाटको अपर सान्जेन, ३.२ मेगावाटको गेलुङ र सात मेगावाटको अपर सुरी जलविद्युत् आयोजनाको बिजुली प्रणालीमा जोडिएको छ। बाँकेस्थित पियोर इनर्जीको सोलार प्लान्टको पहिलो ब्लकबाट १० मेगावाट विद्युत् प्रणालीमा थपिएको छ।

यसबाहेक माघयता पियोर इनर्जीकै सोलार प्लान्टको दोस्रो ब्लकबाट थप १० मेगावाट र रानी जमरा-कुलरिया सिँचाइ आयोजनामा रहेको ४.७१ मेगावाटको पावर प्लान्ट पनि राष्ट्रिय प्रणालीमा जोडिएका छन्। तर, यससम्बन्धी विवरण प्राधिकरणले सार्वजनिक गरेको छैन। सरकारले चालू आवमा कुल नौ सय मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने घोषणा गरेको छ। तर, असारसम्म पुग्दा ५-६ सय मेगावाट हाराहारीमा मात्रै विद्युत् थपिने देखिएको प्राधिकरणका अधिकारी बताउँछन्।

क्षमताको ३० प्रतिशत मात्रै उत्पादन

राष्ट्रिय प्रणालीमा आयोजना अर्थात् विद्युत्को जडित क्षमता बढे पनि हिउँदे विद्युत्को उत्पादनमा निराशा देखिएको छ। गत हिउँदमा विद्युत्को जडित क्षमता २४-२५ सय मेगावाट हाराहारी थियो। अहिले विद्युत्को जडित क्षमता झन्डै तीन हजार मेगावाट पुगेको छ। यसरी जडित क्षमता बढे पनि त्यसअनुसार हिउँदे विद्युत्को उत्पादन बढ्न नसकेको प्राधिकरणका कार्यकारी निर्देशन कुलमान घिसिङ बताउँछन्।

गत वर्ष फागुन ४ गते औसतमा सात सय ७४ मेगावाट विद्युत् उत्पादन भएको थियो। पछिल्लो एक वर्षमा विद्युत्को जडित क्षमता पाँच सय मेगावाट बढेको छ। तर, यो वर्ष फागुन ४ गते पनि गत वर्षको सोही दिनकै हाराहारीमा अर्थात् औसत सात सय ८८ मेगावाट मात्रै विद्युत् उत्पादन भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ।

अहिले क्षमताको ३० प्रतिशत हाराहारीमा मात्रै विद्युत् उत्पादन भइरहेको घिसिङले बताए। कतिपय आयोजनाले क्षमताको १० प्रतिशत मात्रै विद्युत् उत्पादन गर्न सकेको उनको भनाइ छ।

'काबेली करिडोरमा दुई सय मेगावाट क्षमताका आयोजना छन्। तर, त्यहाँबाट २० मेगावाट हाराहारीमा विद्युत् उत्पादन भइरहेको छ। चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशीबाट ६०-६५ मेगावाट मात्रै विद्युत् उत्पादन भएको छ,' उनले भने, 'यीलगायतका केही आयोजनाले क्षमताको १० प्रतिशत हाराहारीमा मात्रै विद्युत् उत्पादन गर्न सकेका छन्।'

नेपालमा अधिकांश नदी प्रवाहमा आधारित जलविद्युत् आयोजना छन्। त्यो अवस्थामा बर्खामा जडित क्षमतामै विद्युत् उत्पादन गर्न सकिन्छ। हिउँदमा खोलामा पानीको बहाव कम हुँदा विद्युत् उत्पादन पनि स्वतः घट्छ। तर, यो वर्ष अस्वाभाविक रूपमा सुक्खा मौसम भएपछि विद्युत् उत्पादन थप प्रभावित भएको घिसिङ बताउँछन्। जलवायु परिवर्तनका कारण यस्तो समस्या आएको उनको भनाइ छ।

'विद्युत्को जडित क्षमता बढ्दै गएको छ। तर, जलवायु परिवर्तनका कारण खोलामा पानीको बहाव घट्दै छ। यसपालि न झरी पऱ्यो, न हिउँ पऱ्यो। एक-दुई दिन मात्रै पर्ने झरी र हिउँले खासै ठूलो योगदान दिँदैन,' उनले भने, 'जलवायु परिवर्तनको असर हेर्दा हिउँदे विद्युत्मा आत्मनिर्भर हुन ठूलो चुनौती छ। यो समस्या समाधान गर्न स्टोरेज जलविद्युत् आयोजना बनाउनैपर्छ।' गत बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा पनि कार्यकारी निर्देशक घिसिङले जलवायु परिवर्तनको असर ठूलो चुनौतीका रूपमा आएको बताएका थिए।

यी हुन् चालू आवको ६ महिनामा सञ्चालनमा आएका आयोजना

- घट्टे खोला स्माल (०.९७ मेगावाट)
- लिखु-२ (३३.४० मेगावाट)
- डाउन पिलुवा (१०.३० मेगावाट)
- अपर चमेलिया (४० मेगावाट)
- अपर सानीगाढ (१०.७० मेगावाट)
- घार खोला (१४ मेगावाट)
- अपर सान्जेन (१४.८०)
- गेलुङ (३.२ मेगावाट)
- अपर सुरी (७ मेगावाट)
- पियोर इनर्जी-सोलार प्लान्ट (१० मेगावाट)

स्रोत : नेपाल विद्युत् प्राधिकरण

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

उल्टै आयात बढ्दै

स्वदेशी उत्पादन घटेपछि विद्युत् आयात पनि बढ्दै गएको देखिन्छ। बर्खामा भारतमा बिजुली बिक्री गर्ने नेपालले हिउँदमा भने आयात नै गर्नुपर्छ। आयोजना थपिँदै जाँदा त्यसरी आयात गरिने विद्युत्को परिमाण घट्नुपर्ने हो। तर, उल्टै आयात बढेको प्राधिकरणको तथ्यांकले देखाउँछ। गत वर्ष फागुन ४ गते चार सय ३२ मेगावाट विद्युत् आयात भएको थियो। यो वर्ष फागुन ४ गते पाँच सय ६३ मेगावाट विद्युत् आयात भएको देखिन्छ।

३४ विमानस्थलमा फ्री वाइफाई

नयाँ पत्रिका



नेपालका विभिन्न ठाउँमा सञ्चालित ३४ वटा विमानस्थलमा फ्री वाइफाई इन्टरनेट सुविधा उपलब्ध हुने भएको छ। निःशुल्क वाइफाई सुविधा दिने विषयमा नेपाल टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)बीच शुक्रबार समझदारी भएको छ।

सहमतिपत्रमा क्यानका उपमहानिर्देशक जगन्नाथ निरौला र टेलिकमका प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठले हस्ताक्षर गरेका छन्। सहमतिअनुसार टेलिकमले त्रिभुवन विमानस्थलको अन्तर्राष्ट्रिय र आन्तरिक टर्मिनलतर्फ आगमन र प्रस्थान कक्षमा फ्री वाइफाई नेटवर्क जडान गर्नेछ। अन्य विमानस्थलमा चरणबद्ध रूपमा फ्री वाइफाई सेवा उपलब्ध गराउने सहमतिपत्रमा उल्लेख छ।

फ्री वाइफाई नेटवर्क सेवा सञ्चालन तथा व्यवस्थापनका लागि उपकरण जडान गर्न आवश्यक उपयुक्त स्थान उपलब्ध गराउने र अन्य व्यवस्थापनका लागि आवश्यक सहयोग क्यानले गर्नेछ। यस्तै, यात्रुलाई सुविधा हुने गरी मोबाइल चार्जिङ स्टेसन राख्ने स्थानसमेत प्राधिकरणले उपलब्ध गराउनेछ। यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयमा फ्री वाइफाई सेवा सञ्चालन गर्ने सहमति भइसकेको छ। अब यात्रुको सुविधाका लागि विमानस्थलका सबै स्थानमा फ्री वाइफाई सेवा उपलब्ध हुने टेलिकमले जनाएको छ। विमानस्थलभित्र यात्रुलाई सजिलो हुने गरी उपयुक्त स्थानमा टेलिकमका सेवाबारे जानकारी उपलब्ध गराउन सूचना तथा सहायता कक्ष पनि स्थापना गरिने भएको छ।

तीन महिनादेखि धितोपत्र बोर्डबाट नयाँ आइपिओ निष्कासन ठप्प

नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डले तीन महिनादेखि साधारण सेयर (आइपिओ) निष्कासनका लागि अनुमति दिएको छैन। बोर्डमा नयाँ अध्यक्ष नहुँदा पाइपलाइनमा रहेका कम्पनीले पनि अनुमति नपाएका हुन्।

तत्कालीन बोर्ड अध्यक्ष रमेशकुमार हमालको कार्यकाल गत २२ पुसमा सकिएसँगै त्यसयता कुनै कम्पनीले अनुमति पाएका छैनन्। बोर्डका निमित्त अध्यक्षका रूपमा बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीलाई तोकिए पनि उनी अनुमति दिने अधिकार आफूलाई नभएको भन्दै पन्छिने गरेका छन्।

आइपिओ निष्कासनका लागि अनुमति दिने अधिकार आफूलाई नभएको र नयाँ अध्यक्ष नियुक्त नभएसम्म कुनै पनि कम्पनीको साधारण सेयर निष्कासनमा आउन सक्ने अवस्था नभएको उनले अधिकारीले बताए। करिब तीन महिनादेखि अनुमति नदिएपछि लगानीकर्ताले असन्तुष्टि पोखेका छन्। आइपिओ भनेको सर्वसाधारण लगानीकर्ताले पाउने अधिकार हो, यसलाई कुनै पनि बहानामा रोकेर राख्नुनहुने लगानीकर्ता सागर ढकालले बताए। उनले भने, 'आइपिओ निष्कासनमा आउँदा बजारको माग र सप्लाई बढ्छ, यसले ढिलोचाँडो दोस्रो बजारलाई पनि सकारात्मक बनाउँछ।'

हाल धितोपत्र बोर्डको पाइपलाइनमा पहिलो समीक्षाको चरणमा १८ वटा कम्पनी रहेका छन्। जसमा जलविद्युत् कम्पनीको ६ वटा कम्पनी रहेका छन् भने चारवटा उत्पादनमूलक समूहअन्तर्गतका रहेका छन्। यस चरणमा प्रिमियम मूल्यमा आइपिओ निष्कासन हुने तीनवटा कम्पनी रहेका छन्। होटेल तथा पर्यटन समूहको एक, लगानीगत समूहको एउटा कम्पनी रहेका छन्। यस चरणमा १६ अर्ब रुपैयाँबराबरको नौ करोड १५ लाख कित्ता सेयर निष्कासनका लागि तयारी अवस्थामा छन्।

समीक्षा र प्रतिक्रियाको चरणमा बेनी हाइड्रोपावर कम्पनी रहेको छ। २० करोड ८० लाख रुपैयाँबराबरको २० लाख ८० हजार कित्ता निष्कासनका लागि अनुमतिको पखाईमा छ। निष्कासनका लागि अन्तिम समीक्षा र प्रक्रियामा रहेका कम्पनीमा १५ वटा रहेका छन्। जसमा यस चरणमा जगदम्बा स्टिलले प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न लागेको छ। कम्पनीले ६ अर्ब रुपैयाँबराबरको दुई करोड कित्ता सेयर निष्कासन गर्न लागेको हो। यस चरणमा नौवटा जलविद्युत् समूह, चारवटा 'अन्य' समूहअन्तर्गतका रहेका छन् भने होटेल तथा पर्यटन समूह एक, उत्पादनमूलक समूह एक गरी ११ अर्ब २७ करोड रुपैयाँबराबरको ७२ करोड ५६ लाख कित्ता सेयर निष्कासनको पर्खाइमा छन्।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
एकिकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम
पुल्चोक, ललितपुर

निर्माण सम्झौता अन्त्य गरि कारवाही गरिने सम्बन्धि सूचना

प्रकाशित मिति : २०८०/११/१२

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका लिफ्ट सिंचाइ योजना निर्माणका लागि सम्झौता गरेका तपसिलका निर्माण व्यवसायीहरुले निर्माण सम्झौताको समयावधि सकिंदासम्म सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारेकोमा यस कार्यालयबाट धेरै पटक कार्य शुचारु गर्न अनुरोध गर्दा समेत कार्य शुचारु गर्ने तर्फ कुनै ध्यान नदिएको हुंदा निर्माण सम्झौतामा उल्लेखित प्रावधान अनुसार कार्यसम्पादन जमानत रकम दावी गर्ने तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निर्माण सम्झौता तोडने र कालोसूचीमा सिफारिस गर्ने एवं सरकारी बांकी असुलउपर गर्ने तर्फ कार्यवाही किन अगाडी नबढाउने ? सो को स्पष्ट प्रतिकृया/जवाफ यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्रमा यस कार्यालयमा पेश गर्नहुन जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	निर्माण व्यवसायीको नाम, ठेगाना	सम्झौता नं.	कामको विवरण
१	GB Metal Craft Industries and Suppliers Pvt. Ltd, Parsha	Works-KSLISP-NCB-2077/78-20	Construction of Khaltephat Ryale Birtakhet Solar Lift Irrigation Sub-Project, Bhanu 10, Tanahun
२	Paras Nirman Sewa, Tanahun	Works-DSRLISP-NCB-2077/78-22	Construction of Distribution System in Rishing Patan Solar Lift Irrigation Sub Project, Bhimad 5, Tanahun

कार्यक्रम संयोजक

Nepal Government
Ministry of Home Affairs
Prison Office
Dhulikhel, Kavreplanchwok

INVITATION FOR BIDS

First Date of Publication- 2080/11/12 BS (2024/02/24 A.D)

1. ***Prison Office, Dhulikhel, Kavreplanchwok*** invites bids from eligible bidders for the construction of **following work** under National Competitive Bidding procedures.

Contract No/ Bid No	Description of Works	Estimated Amount (NRs) include. VAT and Contingency	Bid Security Amount (NRs)	Bid document Price (NRs)
PRISON/WORKS/ 01/080/081	Construction of Mess for Nepal Police Staff Dhulikhel-3, Kabhre	**24,99,999.00**	**63,000.00**	3000

2. Purchase, Submission and Opening

Activity	Date	Time
Purchase of Bid	Up to 2080/12/11	Office Hour
Submission of Bid	Up to 2080/12/12	12:00 Hrs
Opening of Bid	2080/12/12	13:00 Hrs

3. **Information to deposit the cost of bidding document:-**
   Name of the Bank : Rastriya Banijya Bank, Dhulikhel
   Name of Office : Prison office, Kavre, Dhulikhel,
   Office Code no. : 314022601
   Office Account no. : 1000200010000
4. **Rajaswa (revenue) Shirshak no.** : 14229
5. For all other details, please refer to the complete set of bidding documents at Prison Office, Dhulikhel, Kavre Telephone: +977-011-490169 and email address: karagar.dhulikhel@gmail.com

Office Chief

क.दर्ता नं. १९२७८३/७४/७५

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय बा.न.पा. २, श्रीनगरटोल, बागलुङ
फोन नं. ०६८-५२०४०५, E-mail : infodesk@dhaulagiribank.com

पाचौं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति : २०८०/११/१२ गते

श्री शेयरधनी महानुभावहरु,

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/१०/२९ गते बसेको सञ्चालक समितिको १२औं बैठकको निर्णय अनुसार पाचौं वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभाहुने मिति, समय र स्थान

मिति : २०८०/१२/१ गते (तदनुसार १४ मार्च २०२४) बिहीबार
समय : बिहान ११: ०० बजे
स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र बागलुङको सभाहल, बा.न.पा.-४, उपल्लाचौर, बागलुङ

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२) आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु NFRS सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११, बैंक तथा वित्तीय संस्था ऐन २०६३ को दफा ६३ बमोजिम आ.व.२०८०/०८१ को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) यस वित्तीय संस्थाको संचालक समितिमा संस्थापक समुहबाट ४ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्ताव :

१) मर्जर तथा प्राप्ती सम्बन्धमा।
२) नेपाल राष्ट्र बैंक, तथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा मर्जरको क्रममा गर्नुपर्ने प्रबन्धपत्र/नियमावलीमा गरिने संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३) मर्जर सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

ग) विविध :

साधारणसभा सम्बन्धी थप जानकारी

१) पाचौ वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/११/१६ सम्म कायम संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई मात्र साधारण सभामा भाग लिन, मतदान गर्ने अधिकार हुनेछ।
२) साधारणसभामा भाग लिन आउँदा परिचय खुल्ने प्रमाणपत्र वा वित्तीय संस्थाले जारी गरेको प्रवेशपत्र अनिवार्य लिई आउनु पर्नेछ।
३) शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा मिति २०८०/१२/१ गते बिहान १०:०० बजेबाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ।
४) साधारण सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै प्रोक्सी फाराम वित्तीय संस्थाको केन्द्रीय कार्यालय बा.न.पा. २, श्रीनगरटोल, बागलुङमा दर्ता गराई सक्नु पर्नेछ। शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन वा शेयर विभाजन गरिँदिन पाइने छैन। एक जना शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ। प्रोक्सी नियुक्ति गर्ने आफै उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफै उपस्थित भई लिखित सूचना दिनु पर्नेछ।
५) सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धीत शेयरधनी स्वयं सभामा उपस्थिति हुन आएमा शेयरधनीले गरि दिएको (प्रोक्सी) स्वतः बदर हुनेछ।
६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधि (प्रोक्सी) ले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नुहुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सि फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ।
७) नाबालकको हकमा संरक्षकले मात्र सभामा भागलिन, प्रतिनिधि तोक्न र मतदान गर्न पाउनेछ। शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्ति मात्र संरक्षक मानिनेछ।
८) कुनै शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्नगर्न चाहेका विषयबारे सभाहुनु भन्दा **७ दिन** अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। सो जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइने छैन।
९) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।
१०) साधारणसभा सम्बन्धमा पत्रिकामा प्रकाशित बाहेक केहि थप जानकारी आवश्यक परेमा वा वार्षिक प्रतिवेदन उपर थप जानकारीको लागि संस्थाको वेवसाइट www.dhaulgiribank.com तथा कार्यालय समय भित्र कार्यालयको फोन नं.:०६८-५२०९०५ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिनुहुन अनुरोध छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७० शनिबार १२ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

युवराज दीपेन्द्रलाई खेलकुदको तालिम गराउँदा...

खड्ग रानाभाट राष्ट्रिय खेलकुद परिषद् (राखेप)को पहिलो पुस्ताका प्रशिक्षक हुन् । उनको समयमा अहिलेजस्तो सबै खेलका प्रशिक्षक फरक-फरक थिएनन् । एकजना प्रशिक्षकले धेरै खेल हेर्नुपर्ने हुन्थ्यो । उनकै प्रशिक्षणमा नेपाली एथलेटिक्समा सदाबहार धावक वैकुण्ठ मानन्धर, हरि रोकाया, अमेरी यादव, नारायण यादवजस्ता खेलाडी हुर्किए । ०४३ मा बुढानीलकण्ठ स्कुलमा खेलकुद प्रशिक्षक बनेर जाँदा उनले राजपरिवारका सदस्यलाई प्रशिक्षण गराउने अवसर पाएका थिए । उनले प्रशिक्षण गराउने टोलीमा युवराज दीपेन्द्र र अधिराजकुमार नीराजनसमेत थिए । राजपरिवारका सदस्यलाई प्रशिक्षण गराएको क्षणलाई रानाभाटले गृहनगर पोखरामा नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई यसरी सुनाए :



स्कुल पुगेपछि मात्रै राजपरिवार भन्ने थाहा पाएँ

०४३ सालमा म राष्ट्रिय खेलकुद परिषद्को मुख्य प्रशिक्षकमा कार्यरत थिएँ । त्यो जमानामा अहिलेजस्तो एक खेलका लागि एक प्रशिक्षक भन्ने थिएन । रमाइलो पक्ष के भने त्यस समयमा परिषद्मा आबद्ध सबै खेलका खेलाडीलाई प्रशिक्षण गराएँ । राखेपमा सदस्यसचिव शरदचन्द्र शाह हुनुहुन्थ्यो । उहाँले मलाई अचानक आज बुढानीलकण्ठ स्कुलमा प्रशिक्षण गराउनुपऱ्यो भन्नुभयो । सदस्यसचिवको निर्देशनअनुरूप म बुढानीलकण्ठ स्कुलमा प्रशिक्षण तयार भएँ । प्रशिक्षण गराउन कुनै प्रक्रिया थिएन । केवल मुखको आदेश हुन्थ्यो । परिषद्का हाकिमले जहाँ भन्नुहुन्थ्यो, म त्यहीं गएर प्रशिक्षण गराउँथेँ । बुढानीलकण्ठ स्कुल पुग्दा बल्ल थाहा पाएँ, त्यस दिन मैले राजपरिवारका सदस्यलाई प्रशिक्षण गराउनुपर्ने थियो । राजतन्त्रको शासनकालमा दरबारका सदस्यलाई प्रशिक्षण गराउनुपर्ने भनेपछि थप उत्साहित भएँ ।

राजपरिवारका सदस्य खेलकुद भनेपछि हुरुक्कै हुन्थे । अझ तत्कालीन युवराज दीपेन्द्रलाई खेलकुद एकदमै मनपर्ने । विशेष गरी उहाँ फुटबलमा असाध्यै रुचि राख्नुहुन्थ्यो । युवराज भए पनि दीपेन्द्र एकदम अनुशासित विद्यार्थी र खेलाडीमा पर्नुहुन्थ्यो । मैले त्यसवेला उहाँमा भएको राम्रो गुण खुबै मन परेको थियो । दीपेन्द्रले म राजपरिवारको मान्छे हुँ भन्ने भाव कहिल्यै पनि प्रस्तुत गर्नुभएन । एक सामान्य खेलाडी र अरू विद्यार्थीकै जस्तो व्यवहार उहाँले देखाउनुभयो । हुन त स्कुलको वातावरण नै त्यस्तै थियो । बुढानीलकण्ठमा पढ्न आउने अन्य विद्यार्थीजस्तै दीपेन्द्रले पनि त्यस्तै व्यवहार देखाउनुभएको थियो ।

सबैले उहाँलाई पनि 'तिमी' नै भनी सम्बोधन गर्थे । विद्यालयभित्र दीपेन्द्रलाई तपाईं, हजुर र सरकार भनी कसैले पनि बोलाएको मैले पाइनँ । उहाँलाई सबै विद्यार्थीले एक सामान्य साथी नै मान्थे । युवराज दीपेन्द्रलाई प्रशिक्षण गराउँदा म ४५ वर्षको थिएँ होला । १० कक्षामा अध्ययनरत दीपेन्द्र १५-१६ वर्षको जस्तो हुनुपर्छ । दीपेन्द्रलाई मैले विभिन्न खेलकुदको प्रशिक्षण गराएको थिएँ । प्रत्येक दिन मैले भनेको निर्देशन उहाँले मान्नुहुन्थ्यो । हामीबीच एक गुरु र चेलाकै सम्बन्ध थियो । प्रशिक्षणका क्रममा मलाई गुरु'बा' भनी बोलाउनुहुन्थ्यो । राजपरिवारका सदस्य, त्यसमाथि पनि युवराजले गुरु'बा' भन्दा कस्तो-कस्तो अनुभव हुन्थ्यो ।

तर, मैले यसलाई सामान्य रूपमै लिएँ । प्रशिक्षणका क्रममा गल्ती हुँदा एक प्रशिक्षक रिसाउनुपर्ने अवस्था आउँछ । यस्तो परिस्थितिमा प्रशिक्षणमा सहभागी सबै खेलाडीलाई सुझाउने एक प्रशिक्षकको कर्तव्य नै हो । बुढानीलकण्ठमा मैले धेरैपटक यस्तो क्षणको सामना गरेको थिएँ । तर, दीपेन्द्रले आफ्नो गल्ती स्वीकार गर्दै एक राम्रो विद्यार्थी र खेलाडीको उदाहरण दिनुभएको थियो । बुढानीलकण्ठमा तीन वर्ष शिक्षकका रूपमा कार्यरत भएको थिएँ । दीपेन्द्रसँगै अधिराजकुमार नीराजन पनि खेलकुदमा रुचि राख्नुहुन्थ्यो । त्यसवेला अधिराजकुमार धीरेन्द्र शाह पनि खेलकुदलाई असाध्यै माया गर्ने राजपरिवारमा पर्नुहुन्थ्यो । हुन त त्यसवेला खेलकुदको कार्यक्रममा राजपरिवारका सदस्यहरूको बाँक्लै उपस्थिति हुने गर्थ्यो ।

> युवराज दीपेन्द्रले म राजपरिवारको मान्छे हुँ भन्ने भाव कहिल्यै पनि प्रस्तुत गर्नुभएन । एक सामान्य खेलाडी र अरू विद्यार्थीकै जस्तो व्यवहार उहाँले देखाउनुभयो ।

घाइते हुँदा ओलम्पिक खेल्न पाइनँ

१९७२ को तत्काल पश्चिम जर्मनीको म्युनिख सहरमा ओलम्पिक खेल आयोजना भएको थियो । नेपालबाट ओलम्पिक खेल्ने टोलीमा मेरो नाम पनि समावेश थियो । ओलम्पिकको तयारी क्रममा म घाइते भएँ । चोट गम्भीर भएका कारण मैले ओलम्पिकको प्रशिक्षण बीचमै छाडेँ । त्यसपछि म्युनिख ओलम्पिक खेल्ने टोलीको लिस्टबाट मेरो नाम फिर्ता भयो । जितबहादुर केसीलगायतका खेलाडीले म्युनिख ओलम्पिकको अवसर पाएका थिए । ओलम्पिक खेल्ने सपना अधुरै भए पनि जीवनमा यो कस्तो किसिमको खेल भन्ने जान्ने अवसर पाएँ । सन् १९८४ को अमेरिकाको लस एन्जलसमा भएको ओलम्पिकमा सहभागी हुने अवसर पाएँ । त्यसवेला म एक खेलाडीका रूपमा नभएर प्रतिनिधित्वका रूपमा ओलम्पिक आयोजना भएको सहरमा पुगेको थिएँ । त्यसताका म सेती अञ्चलको सचिव थिएँ । राजपरिवारसँग सम्बन्ध र प्रशिक्षकसमेत भएकाले ओलम्पिक हेर्ने अवसर पाएँ । त्यो ओलम्पिकमा एउटा घतलाग्दो घटना मेरो जीवनमा भयो । एक पदाधिकारीका रूपमा लस एन्जलस ओलम्पिक पुगेको व्यक्तिले उद्घाटनको दिन मार्च पासमा नेपालको झन्डा बोक्ने अवसर पाएँ । यहाँबाट नै ओलम्पिक बोक्दा झन्डा बोक्ने नाममा मलाई सिफारिस गरेको रहेछ । यो पछि मात्र थाहा पाएँ । सन् १९८८ को दक्षिण कोरियाको सोलमा आयोजित ओलम्पिकमा सहभागी भएँ । ओलम्पिकमा पदक जित्न तालिम मात्रै हुँदैन । त्यसअनुसारै वातावरण र राम्रो प्रशिक्षण चाहिने बुझेँ ।

अमेरिका बस्छु भन्दा सदस्यसचिवले खुबै झपारे

त्यसवेला परिषद्का सदस्यसचिव शरदचन्द्र शाह हुनुहुन्थ्यो । उहाँकै अनुरोधमा म अमेरिकामा प्रशिक्षण गर्न पुगेको थिएँ । अमेरिकामा एक खेलाडीका रूपमा मैले विश्वस्तरीय प्रशिक्षण गर्ने अवसर पाएँ । त्यहाँको भौतिक पूर्वाधार र प्रशिक्षण हेर्दै म दंग परेको थिएँ । मनमनै सोच्ने गर्थेँ, 'ओ हो ! नेपालमा पनि यस्तै सुविधा भएको भए हाम्रो खेलकुद कहाँ पुग्थ्यो होला ?' अमेरिकामा मेरो प्रशिक्षण गरेको देखेर अमेरिकनहरू निकै प्रभावित भइसकेका थिए । जुन कुरा मलाई थाहा नै थिएन । एक दिन अमेरिकन अधिकारीले मलाई नेपाल नफर्कर म अमेरिकामा बस्दा सबै राम्रो प्रबन्ध मिलाइदिने प्रस्ताव राखे । अमेरिकाको प्रस्ताव आउँदा भित्री मनबाट मलाई उतै बस्न मन लागेको थियो । त्यसवेला मलाइ टिमका साथीहरूले बस्नुपर्छ । नेपालमा फर्केर के गर्छौं ? त्यहाँ के भन्नेजस्ता कुरा भए । तर, म अमेरिकामा नेपालको प्रतिनिधि भएर गएको थिएँ । देशलाई धोका दिनुहुन्न । देशप्रति इमानदार हुनुपर्छ भन्ने मनमा थियो । मैले हाम्रो टिम लिडर (शरदचन्द्र)लाई सबै कुरा बताएँ ।

उहाँ मेरो कुरा सुनेर धेरै रिसाउनुभयो । मलाई यति गाली गर्नुभयो कि अहिले पनि उहाँको रिसाएको अनुहार झलझली याद आउँछ । उहाँले मलाई खुबै झपार्नुभयो । कुरै नगर्नौं । 'तिमीलाई देशले ठूलो धनराशि लगानी गरिसकेको छ । जर्मन, अमेरिका, रसिया, जापान र भारतमा पढ्ने अवसर पायौ । तिमी बाहिर गएर बस्यौ भने यो देश कसले सम्हाल्छ ?' शाहले भन्नुभयो, 'कस्तो तुच्छ कुरा गरेको तिमीले ?' त्यसपछि मैले माफी माग्नेँ । मनमा लागेको कुरा मात्र बताएको भनेपछि उहाँको रिस शान्त भयो । त्यसपछि शदरचन्द्र शाहले मलाई देशका लागि अझै केही गर्नुपर्छ भन्ने भावना दर्साउनुभयो । तत्कालको परिस्थितिअनुसार अमेरिका बस्ने मन भए पनि नेपाल फर्किएँ ।

मसँगै यो जर्सी पनि जलाइदिनू

०२६ सालमा त्रिकोणात्मक एथलेटिक्सपछि हामीलाई पोखराबाट काठमाडौं लगिएको थियो । यसपछि म टोलीमा परेको थिएँ । सन् १९७० मा भएको एसियन गेम्सका लागि मसँगै योगेन्द्र बस्नेत र सोमनाथ भुर्तेल काठमाडौं पुगेका थियौं । काठमाडौंमा गंगाबहादुर, जितबहादुर र भक्तबहादुर थिए । तीन महिनापछि स्ट्रेपल चेजमा म छनोट भएँ । भारतका विद्यासागरले अभ्यास गराए । म तीन हजारमा दौडिएँ । बैंककमा भएको छैटौं एसियन गेम्स खेलेर फर्किएपछि सबैबाट सम्मान पाएँ । त्यसवेलाको जर्सी अहिलेसम्म पनि मसँगै छ । त्यो जर्सी मैले घरमै राखेको छु । मेरो परिवारलाई भनेको छु, 'खेलकुदमा दिएको योगदानस्वरूप मेरो देहान्तपछि झन्डा ओढ्ने हक पाएको छु । मैले ओलम्पिकमा झन्डा बोकेर मार्च पास गरेको थिएँ । मेरो पार्थिव शरीरमा झन्डासँगै यो जर्सी पनि राख्नु भनेको छु । यो मेरा लागि सधैं प्रेरणा हो ।' मैले नेपालका लागि लगाएको पहिलो जर्सी हो । नेपालका सानका लागि सन् १९७० मा पहिलोपटक लगाएको हो ।

दुर्गम क्षेत्रमा प्रशिक्षणको जिम्मेवारी

राखेपले सधैं मलाई दुर्गम जिल्लामा पठाउने गरेको थियो । पटियालामा सन् १९७३ मा पढेर फर्किएको थिएँ । शरदचन्द्र शाहले मलाई अवसर दिएपछि हरिबहादुर रोकायाजस्ता खेलाडीलाई प्रशिक्षण गराएको छु । जुम्ला, हुम्ला, कालिकोट, बर्दिया, बाँके पुगेर प्रशिक्षण गराएको छु । अहिलेका र त्यतिवेलाका धेरैलाई मैले नै प्रशिक्षण गराएको हो । हरि रोकाया चार वर्षको हुँदा मैले नै ल्याएको हुँ । वैकुण्ठलाई अमेरिका नै प्रशिक्षण गर्न लगेको थिएँ । कृष्ण बस्नेत, अमेरी यादव, नारायण यादव, पुष्पा भट्टलाई पनि प्रशिक्षण गराएको छु ।

तेम्रो साग गेम्समा वैकुण्ठले कीर्तिमान राखे । त्यो दुई घण्टा १५ मिनेट अझै पनि याद छ । मलाई यतिकै गौरव लाग्छ । दुःख गरेपछि सुख मिल्छ । अहिले खुसी लाग्छ । खेलाडीले जित्दा सधैं खुसी लाग्छ । विधान लामाले पदक ल्याउँदा शरदचन्द्रसँगै हामी सबै खुसी थियौं । सबै भावुक थिए । मैले ४६ सालतिर प्रशिक्षण छाडेको हुँ ।

सात घण्टा ६ मिनेटमा म्याराथन पूरा

अहिले म ७५ वर्षको भएँ होला । गत साता सफल पोखरा म्याराथनमा सहभागी भएँ । यो उमेरमा पनि मलाई एथलेटिक्स खेल्न मन पर्छ । पोखरामै भएको म्याराथन किन नखेल्नु भनेर खेलेको हुँ । सात घण्टा ६ मिनेटमा म्याराथन पूरा गरेँ । दौड कुनै पनि हालतमा सकाउने विश्वास थियो । अहिले म कमजोर छैनँ । खेलकुदमा शारीरिक, प्राविधिक र मनोगत रूपमा सधैं तयार हुनुपर्छ । सधैं यसलाई नै फलो गर्नुपर्छ । म्याराथन दौडन्छु भने अन्य खेलाडीलाई झनै प्रेरित गर्छ भनेर कुदेको थिएँ । अबको जिन्दगी पनि खेलकुदमा नै बिताउनुपर्छ भन्ने सोचेको छु ।

भुवनले जिते करिअरकै ११औं उपाधि



कास्कीमा रोहितराज पराजुली

नेपालका पूर्वनम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटीले रेकर्ड स्कोरसहित सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि जितेका छन् । ५४ होलको प्रतियोगिता १० अन्डर एक सय ९७ को स्कोरमा उपाधि जित्दा हिमालयन गल्फ कोर्समा भुवनले अहिलेसम्मकै उत्कृष्ट स्कोर राखेका छन् । उनले सन् २०१७ मा शिवराम श्रेष्ठले राखेको नौ अन्डरको रेकर्ड तोडेका हुन् । प्रतियोगितामा भुवनको यो दोस्रो रेकर्ड हो । उनले बिहीबार सात अन्डर ६२ को कोर्स रेकर्ड बनाएका थिए ।

> पोखराको हिमालयन गल्फ कोर्समा भुवनले १० अन्डर एक सय ९७ को स्कोर गर्दै करिअरकै ११औं उपाधि हात पारे

पोखरास्थित पार-६९ को हिमालयन गल्फ कोर्समा भुवनले समग्रमा १० अन्डर एक सय ९७ को सानदार स्कोर गरी करिअरकै ११औं उपाधि जिते ।

उनले उपाधि जित्दा रवि खड्का र एमेच्योर सद्भाव आचार्यलाई १२ स्ट्रोकले पछाडि राखे । उपाधिसँगै भुवनले एक लाख ४० हजार रुपैयाँ जिते । भुवनले अन्तिमपटक सन् २०२२ को सूर्य नेपाल काठमाडौं ओपन जितेका थिए । रवि र सद्भावले समग्रमा दुई ओभर दुई सय नौ को स्कोरमा दोस्रो स्थान बाँडे । रवि र सद्भावले अन्तिम दिन एक ओभर ७० मा खेल सके । रविले ९६ हजार प्राप्त गरे । एमेच्योरतर्फ सद्भावले उपाधि जिते । सद्भावले प्रज्वल गुरुङलाई १३ स्ट्रोकले हराउँदै उपाधि जितेका हुन् । दोस्रो भएका प्रज्वलले १५ ओभर दुई सय २२ स्कोर गरे ।

सुरुमै ११ स्ट्रोकको अग्रता

११ स्ट्रोकको अग्रतासहित अन्तिम १८ होलको सुरु गरेका भुवनलाई अन्य कुनै पनि गल्फरले चुनौती दिन सकेनन् । उनले फ्रन्ट नाइन इभन पार ३४ को स्कोर गरे । पहिलो र पाँचौं होलमा बर्डी निकाले । उनले चौथो र सातौं होलमा बोगी प्रहार गरे । उनले ब्याक नाइन पनि इभन पार ३५ स्कोर गरे । उनले १४औं र १८औं होलमा समान एक सट खेर फाले । रविले फ्रन्ट नाइनमा तीन ओभर ३७ को स्कोर गरेका थिए । ब्याक नाइनमा सम्हालिँदै रविले १५औं र १८औं होलमा दुई बर्डी प्रहार गरे । उनले ब्याक नाइन दुई अन्डर ३३ को स्कोर गरेका थिए ।

संयुक्त रूपमा दोस्रो भएका एमेच्योर विजेता सद्भावले फ्रन्ट नाइन इभन पार ३४ स्कोर गरेका थिए । उनले पहिलो होलमा बोगी र सातौं होलमा बर्डी खेपे । नीरजले फ्रन्ट नाइन एक ओभर ३५ र ब्याक नाइन एक अन्डर ३४ मा सके । प्रतियोगिताको अन्तिम दिन शनिबार प्रोएम प्रतियोगिता हुनेछ । जसमा ७६ एमेच्योर र १९ प्रोफेसनल गल्फरले भाग लिनेछन् ।

■ आइसिसी विश्वकप लिग-२

नामिबियाको तेस्रो जित

नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल भ्रमणमा रहेको नामिबियाले चारमध्ये तीन खेल जितेर घर फर्किएको छ । घरेलु टोली नेपाल, नामिबिया र नेदरल्यान्ड्स सम्मिलित शृंखलाको आफ्नो अन्तिम खेलमा नामिबियाले शुक्रबार नेदरल्यान्ड्सविरुद्ध २४ रनको जित निकालेको हो । जितसँगै नामिबियाले चार खेलबाट ६ अंक जोडेको छ । लिग-२ अन्तर्गत पहिलो शृंखला सकेको नामिबियाले अघिल्ला तीन खेलमा नेपाललाई चार र दुई विकेटले पराजित गर्दा नेदरल्यान्ड्सँग ७ विकेटले पराजित भएको हो ।

पराजित नेदरल्यान्ड्सको तीन खेलबाट दुई अंक छ । नेपालको पनि तीन खेलबाट दुई अंक मात्रै छ । नेपाल दुवै खेलमा नामिबियासँग पराजित भएको थियो । शृंखलाको अन्तिम खेलमा नेपालले नेदरल्यान्ड्ससँग आइतबार खेल्नेछ । लिग-२ मा क्यानडा, ओमान, स्कटल्यान्ड, युएई र अमेरिकाले कुनै खेल खेलेका छैनन् ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नामिबियाले ४१.३ ओभरमा सबै विकेट गुमाउँदै २०४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा नेदरल्यान्ड्स ४३.५ ओभरमा १७९ मा समेटियो । बिहीबार साँझ वर्षा भएपछि शुक्रबार बिहान टस ढिला भयो । खेल ४५ ओभरमा झरेको थियो । नेदरल्यान्ड्सका लागि नोआ क्रसले अविजित ४६ रन बनाए । म्याक ओ डोउडले ४१, बास डी लिडेले २४, सरिज अहमदले १९, तेजा नन्दामनुरुले १४ रनको योगदान गरेका हुन् । नामिबियाका लागि ज्याक ब्रसेल र कप्तान जोर्गार्ड इरास्मसले तीन, बेर्नार्ड स्कोल्ट्जले दुई तथा रुबेन ट्रम्पलम्यान र जान निकोल लोफ्टी इएटनले समान एक विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नामिबियाले ४१.३ ओभरमा सबै विकेट गुमाउँदै २०३ रनको योगफल तयार पारेको थियो ।

नामिबियाका लागि जान निकोल लोफ्टी इएटनले ४९ रन बनाएका हुन् । मलान क्रुगरले ३९, जान फ्रेइलिंकले ३४, रुबेन ट्रम्पलम्यानले अविजित २३, जान ग्रिनले २२, कप्तान जोर्गार्ड इरास्मसले १२ र माइकल भान लिंगनले १० रन बनाए । नेदरल्यान्ड्सका लागि भिभियन किंमाले तीन, आर्यन दत्त र रोलोफ भान डेर मार्वीले समान दुई एक विकेट लिए ।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
नामिबिया	४	३	१	६	०.२५
नेपाल	३	१	२	२	०.२२
नेदरल्यान्ड्स	३	१	२	२	-०.६३



खेल संक्षेप


दोस्रो केपी ओली राष्ट्रिय फुटबल सुरु

काठमाडौं/ आयोजक केपी ओली फुटबल क्लब दोस्रो केपी ओली राष्ट्रिय फुटबल प्रतियोगिताको उद्घाटन खेलमा विजयी भएको छ । शुक्रबार सातदोबाटोस्थित एन्फा एम्प्लेक्समा अनन्त तामाङको कप्तानीमा रहेको केपी ओली एफसीले चर्च ब्वाइज युनाइटेडलाई ३-० ले हराएको हो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको जन्मदिवसको अवसरमा प्रतियोगिता सुरु भएको हो । उद्घाटन खेलमा जया गुरुङले दुई गोल गर्दा विदेशी खेलाडी फोडे फोफानाले एक गोल गरे । आजको विजेता आयोजक केपी ओली एफसीले क्वार्टरफाइनलमा जावलाखेल युथसँग खेल्नेछ । पराजित चर्च ब्वाइज भने प्रतियोगिताको पहिलो खेलबाटै बाहिरिएको छ । चर्च ब्वाइज युनाइटेडले पहिलो सहभागितामै सहिद स्मारक 'ए' डिभिजन लिगको उपाधि जितेको थियो । त्यतिवेला अनन्त नै चर्च ब्वाइजको कप्तान थिए ।

प्रतियोगिताको दोस्रो र तेस्रो खेल आइतबार हुनेछ । न्युरोड टिम एनआरटी र थ्री स्टार तथा त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । सहिद स्मारक 'ए' डिभिजन लिगका आठ तथा भारतीय दुई गरी प्रतियोगितामा १० टोली सहभागी छन् । १९ फागुनसम्म हुने प्रतियोगिताका विजेताले ११ लाख र उपविजेताले पाँच लाख पाउनेछन् ।

सातौं बाह्रखरी गल्फ चैतमा

कास्की/ १२औं एनसेल बाह्रखरी गल्फ एन्ड बियोन्ड प्रतियोगिता १-३ चैतसम्म हुने भएको छ । बाह्रखरी मिडियाको आयोजनामा पोखरामा हुन लागेको प्रतियोगिताको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रतियोगितामा तीन सय कर्पोरेट गल्फरले प्रतिस्पर्धा गर्नेछन् । काठमाडौं, विराटनगर, बुटवल, चितवन, धनगढी, सुर्खेतलगायतका कर्पोरेट नेतृत्व वर्गसहित विदेशी कूटनीतिले भाग लिनेछन् । प्रतियोगिताको विजेताले सुनको गल्फ बल प्राप्त गर्नेछन् । होल इन वन गर्ने खेलाडीलाई बिबाइडीको एट्टो थ्री गाडी प्रदान गरिनेछ ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com